नयाँ शक्तिको औचित्य, आधार र निर्माण प्रक्रिया

# नयाँ शक्ति किन ?



डा. बाबुराम भट्टराई

| विषयवस्तु | पेज |
| --- | --- |
| इतिहासको कठघरामा एउटा वकपत्र | ३ |
| नयाँ शक्तिको औचित्य, आधार र निर्माण प्रक्रिया | १८ |
| मैले किन पार्टी परित्याग गरें ? | ४३ |
| प्रचण्डसँग कुनै दुराग्रह छैन | ५९ |
| सकारात्मक सोंचविना आर्थिक विकास, समृद्धि र परिवर्तन सम्भव छैन | ६४ |

# इतिहासको कठघरामा एउटा वकपत्र

आज म आफ्नो ६२ वर्षको जीवनयात्राका सहयात्रीहरूसँग अन्तर्मनदेखि यो सार्वजनिक संवाद गर्दैछु ।

भनिन्छ प्रत्येक मान्छेको जन्म, कर्म र मरण ऐतिहासिक आवश्यकता र आकस्मिकताको योगफल अनुरूप हुने गर्दछ । म पनि त्यही ऐतिहासिक आवश्यकता र आकस्मिकताको परिणामस्वरूप गोरखाको एउटा मध्ययुगीन गाउँमा जन्मेर जीवनका विभिन्न मोडहरू हुँदै नेपालको कार्यकारी प्रमुखसम्म बन्न पुगेको सामान्य मान्छे हुँ । मैले हालसालै जीवनको गाडीलाई फेरि अर्को एउटा नयाँ यात्रातर्फ मोडेको छु । त्यो यात्रामा हिँड्नुअघि मैले मेरा पुराना र भावी सहयात्रीहरू समक्ष इतिहासको कठघरामा उभिएर सार्वजनिक वकपत्र प्रस्तुत गर्नु आवश्यक ठानेको छु । किनकि, अमेरिकी राजनेता थोमस जेफर्सनले भने झैं - 'जब कुनै मान्छेले सार्वजनिक जिम्मेवारी वहन गर्छ, तब उसले आफूलाई सार्वजनिक सम्पत्ति ठान्नुपर्छ ।'

# *मेरो जीवनको सपना*

२०२६ सालमा एस.एल.सी. परीक्षा दिने बेलासम्म गाई/भैंसी/बाख्रा गोठालो बनेर सामान्य किसान परिवारमा हुर्केको मेरो जीवनको कुनै ठूलो सपना थिएन । संयोगले सरकारी छात्रवृत्तिमा विदेश (भारत)मा गएर उच्च अध्ययन गर्ने सिलसिलामा नै आफ्नो देशको अत्यन्त पिछडिएको अल्पविकसित अवस्था र रोजगारीको खोजीमा विदेशिन वाध्य नेपालीहरूको दीनहीन र अपमानपूर्ण स्थिति देखेर देशको निम्ति 'केही गर्ने' हुटहुटी जागेको थियो । आफ्नो जीवनकालमा देशलाई विकसित र समृद्ध बनाउने र नेपाली युवाहरूलाई रोजगारीको खोजीमा विदेशिन वाध्य हुनुपर्ने अवस्थाको अन्त्य गर्ने सपनाको विजारोपण त्यो २३/२४ वर्षे युवा मस्तिष्कमा भएको थियो । 'सपना त्यो होइन जुन निद्रामा देखिन्छ' सपना त्यो हो जसले निदाउन दिँदैन' भन्ने प्रसिद्ध वैज्ञानिक अब्दुल कलामको भनाइ झैं त्यो सपनाले कैयौं रात मलाई जागराम बसाएको थियो ।

तर, देशको विकास कसरी हुन्छ त ? तत्कालीन निरंकुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाले नेपाललाई 'एशियाली मापदण्डमा पुऱ्याउने' चर्को नारा लगाइरहेकै थियो तर देश भने झन् झन् तल भासिँदै थियो । त्यसैको जवाफ खोज्ने क्रममा जवाहरलाल नेहरू विश्वविद्यालयमा मैले गरेको विद्यावारिधी शोधकार्यले यी दुई निष्कर्ष निकालेको थियोः पहिलो, आन्तरिक रूपमा सामन्ती, केन्द्रिकृत र एकात्मक राज्य-व्यवस्था नेपालको समग्र अल्पविकास र क्षेत्रीय असमान/असन्तुलित विकासको कारक तत्व हो' दोस्रो, वाह्य रूपमा सुगौली-सन्धीदेखि भारत र नेपालबीच कायम रहँदै आएको प्रभुत्व-पराश्रय (Dominance-Dependence) सम्बन्ध नेपालको अल्पविकासको अर्को मुख्य कारण हो । यसरी देशको आर्थिक विकास र समृद्धिको निम्ति पहिले राजनीतिक उपरीसंरचनामा क्रान्ति

वा परिवर्तन अपरिहार्य छ भन्ने स्पष्ट वोधका साथ म क्रान्तिकारी आन्दोलनमा होमिएको थिएँ । मेरा निम्ति आर्थिक विकास र समृद्धि साध्य वा अन्तिम लक्ष्य थियो भने राजनीतिक क्रान्ति आवश्यक साधन वा बाटो थियो ।

परिणामस्वरूप गत चालिस वर्ष र मुख्यतः ऐतिहासिक जनयुद्धकालदेखिका पछिल्लो बीस वर्षमा थुप्रै सुयोग्य कमरेड र साथीहरूको सहकार्य र हजारौं वीरवीरांगनाहरूको वलिदानको बलमा देशमा युगान्तकारी राजनीतिक परिवर्तन हासिल भयो । पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते गणतन्त्रको घोषणा हुनु र दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी हुनु त्यही युगान्तकारी परिवर्तनका ठोस अभिव्यक्ति हुन् । मेरा निम्ति ती दिन र घटना जीवनको एउटा सपना मूल रूपमा पूरा भएका अविष्मरणीय क्षण हुन् । संयोगले पार्टीभित्र र बाहिर संविधानसभा र गणतन्त्रको एक प्रमुख अभियन्ताको भूमिका र दोस्रो संविधानसभाको सबभन्दा महत्वपूर्ण समिति 'संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति'को सभापतिको रूपमा संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पाउनु मेरा निम्ति अत्यन्त खुशी र गर्वको विषय हो । त्यसका निम्ति म सम्बन्धित सबैप्रति आजीवन आभारी रहनेछु । तर संविधानमा रहन गएका कतिपय अपूर्णतालाई पूरा गर्दै र मधेश/थारूवान लगायतका क्षेत्रहरूमा देखिएका असन्तुष्टीहरूलाई सम्बोधन गर्दै देशलाई छिटोभन्दा छिटो आर्थिक विकास र समृद्धिको चुचुरोमा पुऱ्याउने अर्को सपना भने अझै अधुरै छ ।

## *नयाँ युगका नयाँ चुनौति*

संविधानसभाबाट गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी/समानुपातिक लोकतन्त्र लगायतका महत्वपूर्ण अन्तरबस्तु

सहितको संविधान जारी भएसँगै देशमा पूँजीवादी लोकतान्त्रिक क्रान्ति औपचारिक रूपमा मूलतः सम्पन्न र संस्थागत भएको मान्न सकिन्छ । परन्तु नेपाल जस्तो विश्व पूँजीवादको काँठमा रहेको र जातीय, क्षेत्रीय विविधताले युक्त तथा आर्थिक-सामाजिक-साँस्कृतिक विकासको अत्यन्त न्यून अवस्थामा रहेको देशमा औपचारिक राजनीतिक परिवर्तनले मात्र समाजका जटील समस्या र अन्तरविरोध सहजै हल हुने परिकल्पना गर्न सकिन्न ।

सर्वप्रथम, नयाँ संविधानले औपचारिक रूपमा प्रत्याभूत गरेको विकसित/अग्रगामी राजनीतिक संरचना/सम्बन्ध र ऐतिहासिक रूपले पिछडिएको आर्थिक-सामाजिक-साँस्कृतिक आधारबीच गम्भीर अन्तरविरोध पैदा हुनेछ । उदाहरणको निम्ति, संविधानमा उल्लेखित शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यसम्प्रभुता, आवास आदिलाई मौलिक अधिकारको रूपमा प्रचलनमा ल्याउन तीब्र आर्थिक विकास र समृद्धि विना सम्भवै हुनेछैन । अर्कोतिर, संविधानमा व्यवस्था गरिएको 'सुधारिएको' संसदीय शासन प्रणालीले देशमा राजनीतिक अस्थीरता र विगतदेखिका विकृति-विसंगतिलाई अरू पेचिलो बनाउनेछ र आर्थिक विकासको गतिलाई झन् मन्द बनाउनेछ ।

दोस्रो कुरा, नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र भौगोलिक विविधतायुक्त देशमा विभिन्न जातीय/भाषिक/क्षेत्रीय समुदाय वा राष्ट्रियताहरूलाई पहिचान र अधिकार सहितको संघीय प्रदेश वा संरचनाको व्यवस्था नगरी आन्तरिक राष्ट्रिय एकता र दीर्घकालीन शान्ति तथा स्थायीत्व कायम गर्न निकै कठीन हुनेछ । संविधान जारी गर्ने क्रमदेखि नै तराई-मधेश, थारूवान/थरूहट, मगरात लगायतका क्षेत्रहरूमा भइरहेका विरोध र संघर्षहरूले त्यो संकटको गम्भीर संकेत गर्दछन् । बेलैमा वैज्ञानिक र बस्तुसंगत ढंगले हल नगरिएमा ती समस्या अरू फैलिने र गम्भीर बन्ने

निश्चित छ । खासगरी कूल जनसंख्याको करिव एक-तिहाइको अनुपातमा रहेका खस-आर्य, आदिवासी-जनजाति र मधेशी-थारू समुदायलाई राज्यका सबै अंग र संरचनामा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगरिएसम्म आगामी दिनमा संकटको बादल झन् नराम्ररी मडारिनेछ ।

तेस्रो कुरा, भारत र चीन जस्ता उदीयमान र प्रतिस्पर्धी शक्ति-राष्ट्रहरूको बीचमा रहेको विशिष्ठ भू-राजनीतिक परिवेश र भारतसँगको दुई सय वर्षदेखिको पराश्रित सम्बन्धको व्यवस्थापन कुशलतापूर्वक गरी राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र प्रवर्द्धन गर्ने प्रश्न आगामी दिनमा अरू महत्वपूर्ण र जटील हुनेछ । हाल तराई-मधेशमा भइरहेको आन्दोलनको आडमा भारतीय पक्षले गरेको अघोषित नाकाबन्दीले त्यसको पर्याप्त झल्को दिइरहेको छ ।

यी प्रमुख अन्तरविरोधहरू हल गर्दै देशलाई दीगो शान्ति र समृद्धिको दिशामा नेतृत्व गर्नु राजनीतिक शक्तिहरूको मुख्य दायित्व हुनेछ ।

## *पुराना शक्ति पुरानै चरित्र*

परन्तु, भनिन्छ - इतिहास दोहोरिन्छ किनकि मानिसहरूले आफ्ना गल्ती दोहोऱ्याउँछन् । नेपालको गत सात दशकदेखिको क्रान्तिकारी लोकतान्त्रिक आन्दोलन र पार्टीहरूको दुःखद् इतिहासले यसको पुष्टि गरिरहेछ । प्रत्येक चोटि आन्दोलन/क्रान्तिको ऐतिहासिक आवश्यकताले नयाँ राजनीतिक शक्तिलाई रंगमञ्चमा ल्याउँछ तर कालान्तरमा ती शक्ति पुरानै सत्तामा सहवरण हुन्छन् र पुरानै शक्तिमा रूपान्तरण हुन्छन् । २००७ सालपछिको नेपाली कांग्रेस, २०४६/०४७ पछिको माले/एमाले र २०६२/०६३ पछिको

माओवादी/एमाओवादी यसका ज्वलन्त उदाहरण हुन् । समय, परिवेश, प्रक्रिया केही फरक हुनसक्छन्, तर परिणाम/नियति उस्तै छ । यसको प्रमुख बस्तुगत कारण, ती सबै आन्दोलन/क्रान्ति अधुरो रहेको र सम्झौतामा टुंगिएको हुनाले रापताप सेलाउँदै गएपछि यथास्थितिवादको गुरूत्वाकर्षण बढी हावी भएर ती नयाँ शक्ति पुरानै शक्तिमा रूपान्तरण भएका हुनसक्छन् । त्यो भन्दा बढी महत्वपूर्ण आत्मगत कारण, ती क्रान्ति/आन्दोलनका मुख्य नेतृत्वमा न्युन-पूँजीवादी, महत्वाकांक्षी, अवसरवादी व्यक्तिहरू हावी हुनु र उनीहरूले सहजै वर्ग-उत्थानीकरण गरेर रंग बदल्नु हो ।

पछिल्लो चोटि विकसित भएको माओवादी आन्दोलनको कुरा गर्दा यो वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र अन्य सबै हिसाबले सबभन्दा बढी व्यापकता र त्याग-बलिदान भएको र नयाँ क्रान्तिकारी शक्तिको रूपमा निरन्तरता लिन सक्ने सम्भावना भएको आन्दोलन हो । तर केही गम्भीर कमजोरी र त्रुटीको कारणले यो सोचेभन्दा छिटो विचलन, विघटन र विसर्जन हुन पुग्यो । पहिलो कुरा, यो 'आन्दोलन'को रूपमा त प्रभावकारी र सशक्त रह्यो तर मुख्यतः शान्ति प्रक्रियामा आइसकेपछि यसले संगठित रूप लिन सकेन र संगठन विना उत्पीडित वर्ग/समुदायमा आधारित यो शक्ति लामो समय नटिक्नु स्वाभाविकै हुन्थ्यो । दोस्रो कुरा, युद्धको कमान/कन्ट्रोलको ढाँचामा निर्मित र 'क्रान्तिकारी प्राधिकार'को नाउँमा अति-केन्द्रित नेतृत्व प्रणाली भएको माओवादी (मुख्यतः एमाओवादी) भित्र सत्ता, शक्ति र सम्पत्तिको यति धेरै केन्द्रीकरण भयो कि त्यहाँ कुनै प्रणाली र संस्थाको विकासै हुन सकेन । बरू उल्टै मुख्य नेतृत्व वरिपरि वर्ग-उत्थानीकरण, भ्रष्टीकरण र 'क्रोनी-क्यापिटालिज्म'को अनियन्त्रित विकास भयो र त्यसले सम्पूर्ण आन्दोलनलाई नै प्रदुषित र विकृत गऱ्यो ।

माओवादी आन्दोलनको अभिन्न अंग हुनुको नाताले मैले पनि यस्तो दुस्परिणामको आफ्नो हिस्साको नैतिक जिम्मेवारी लिनैपर्छ र लिन्छु पनि । मैले पार्टीभित्रको अति–केन्द्रिकृत ढाँचा, नेतृत्व प्रणाली, वर्ग–उत्थानीकरण र सम्भावित दुस्परिणामबारे निरन्तर वैचारिक–राजनीतिक संघर्ष त चलाएँ तर संगठनमा प्रभावकारी हस्तक्षेप गरेर रोक्न असफल भएँ । म आफ्नो कमजोरीप्रति सार्वजनिक आत्मालोचना गर्दछु । फेरि पनि विचलन, टुटफुट, विघटन र विसर्जनको अवस्थामा रहेको माओवादी/एमाओवादीभित्र नेता, कार्यकर्ता र समर्थक जनताको ठूलो पंक्ति बाँकी छ । त्यसलाई नयाँ आधारमा नयाँ ढंगले संगठित गर्ने सम्भावना अझै छ ।

संविधानसभाबाट नयाँ संविधान जारी भएसँगै एमाले, एमाओवादी, राप्रपा–नेपाल, फोरम (गच्छेदार) लगायतको जुन अत्यन्त सिद्धान्तहीन, अवसरवादी गठबन्धन सरकार बन्यो त्यसले नेपालका पुराना राजनीतिक शक्तिहरूको पुरानै चरित्र फेरि एकचोटि जनसमक्ष उदांगो पारेको छ । खासगरी गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता जस्ता नयाँ संविधानका आधारभूत सिद्धान्त र मूल्यमान्यता विरोधी शक्तिहरूको भिटो रहने गरी जुन गठबन्धन सरकार बनेको छ त्यसले आगामी दिनका निम्ति गम्भीर अनिष्टको संकेत मात्र गरेको छ ।

मुख्यतः गत बीस वर्षमा देशमा पन्ध्रौं हजारको बलिदान सहितको त्यति ठूलो क्रान्तिकारी उथलपुथल र संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान प्राप्ती पछि उही पुरानै शक्ति, प्रवृत्ति, हावी हुनुले देश केही समय फेरि उही संसदीय सरकार बनाउने र गिराउने खेल, सांसद किनबेच, भ्रष्टाचार, कमिशनखोरी, विदेशी 'माइक्रो म्यानेजमेन्ट', अराजकता र अल्पविकासको दलदलमा फसिरहने प्रायः निश्चित छ । दिनहूँ हजारौं युवाहरू रोजगारीको

खोजीमा विदेश पलायन भइरहने क्रम जारी रहनेछ । देश र जनताप्रति यो भन्दा ठूलो धोका र ऐतिहासिक मजाक अरू के हुनसक्छ ? के नेपाल र नेपाली जनताको नियति नै यही हो ? हामी जस्तै सबभन्दा पिछडिएका र अल्पविकसित एशिया र अफ्रिकाका अन्य मुलुकहरू समेत केही दशक यता हामीलाई पछाडि पारेर विकास र समृद्धिको उकालो चढिसक्दा हामी टुलुटुलु हेरेर बस्न अभिसप्त छौं त ? अवश्य छैनौं ।

## *वैकल्पिक राजनीतिक शक्तिको खाँचो*

अन्ततः देशलाई सही दिशाबोध गर्ने र नेतृत्व गर्ने राजनीतिले नै हो । लोकतन्त्रमा राजनीतिको नेतृत्व गर्ने राजनीतिक दलहरूले नै हो । आजको वैज्ञानिक र लोकतान्त्रिक युगमा हामी कुनै पनि प्रकारको निरंकुश र अलोकतान्त्रिक राजनीतिक विकल्पको कल्पना समेत गर्न सक्दैनौं र गर्न पनि हुँदैन । तर, राजनीति र राजनीतिक दल ऐतिहासिक आवश्यकता र देश–कालको ठोस परिस्थिति अनुरूप विकसित र रूपान्तरित हुनैपर्छ । एउटा ऐतिहासिक कालखण्डमा सही नेतृत्व गरेको राजनीति र राजनीतिक शक्तिले अर्को कालखण्डमा पनि गर्न सक्छ र गर्नैपर्छ भन्ने कुनै फलामे नियम हुँदैन । नेपालकै कुरा गर्दा प्रजापरिषद्देखि कांग्रेस र एमाले हुँदै माओवादी/एमाओवादीसम्मले एउटा ऐतिहासिक कालखण्डमा आफ्नो भूमिका सफलतापूर्वक निर्वाह गरेकै हुन् । परन्तु बदलिएको परिस्थिति र बदलिएको ऐतिहासिक आवश्यकता पूरा गर्न तिनीहरू नै सक्षम भइरहनुपर्छ भन्ने कसैले अपेक्षा गर्नुहुँदैन ।

निश्चित रूपमा एउटा ऐतिहासिक कालखण्डमा स्थापित भएका र लोकप्रिय रहेका राजनीतिक दल/शक्तिको ब्राण्ड नाउँ पपुलर हुन्छन् । दोस्रो विश्वयुद्धपछिको विश्वव्यापी राष्ट्रिय मुक्ति आन्दोलनको लहरको बेला जन्मेका पार्टीहरूको नाउँ 'कांग्रेस' राख्ने

प्रचलन जस्तै बनेको थियो । जस्तै - नेपाली कांग्रेस, भारतीय राष्ट्रिय कांग्रेस, अफ्रिकन नेशनल कांग्रेस/कंग्रेस, आदि । त्यस्तै माओको नेतृत्वमा चीनमा चलेको 'साँस्कृतिक क्रान्ति'को बेला बनेका कम्युनिष्ट पार्टीहरूको नाउँपछाडि 'मा-ले' (वा मार्क्सवादी-लेनिनवादी) जोड्ने संसारभर फेशन जस्तै बनेको थियो । त्यसरी नै माओको देहान्तपछि अर्थात सन् १९८० को दशकपछि कम्युनिष्ट पार्टीहरूको नाउँ पछाडि 'माओवादी' जोड्ने लहर नै चलेको हो । ती खास-खास ऐतिहासिक कालखण्डमा स्थापित पार्टी र तिनका ब्राण्ड नाउँ जनस्तरमा लोकप्रिय बनेका हुन्छन् र तीप्रति धेरैको भावनात्मक लगाव हुनसक्छ । खासगरी अहिलेको ब्राण्ड-सचेत पूँजीवादी बजारबाट दीक्षितहरूमा ब्राण्ड नाउँको प्रभाव र महत्व रहन सक्छ । तर राजनीतिक दल/शक्ति भनेको बाहिरी रूपपक्ष वा ब्राण्ड मात्र नभएर मुख्य रूपमा त्यसको विचार, नीति, कार्यक्रम, संगठनात्मक ढाँचा, नेतृत्वप्रणाली, कार्यशैली, आचरण सहितको समुच्चता हो, जसले देश/कालको आवश्यकता पूर्ति गर्न सक्नुपर्छ ।

सबभन्दा महत्वपूर्ण कुरा, एउटा ऐतिहासिक कालखण्ड वा युगका कार्यभार सफलतापूर्वक सम्पन्न गरेका राजनीतिक दल/शक्तिहरूले अर्को कालखण्ड/युगका नयाँ कार्यभार पूरा गर्न सक्दैनन् र नयाँ युगका नयाँ कार्यभार निम्ति नयाँ शक्तिको जन्म अपरिहार्य हुन्छ । नेपालमा वि.सं. १९९७ सालदेखिको राजनीतिक आन्दोलन मूलतः पहिले राणा र पछि शाहवंशको सामन्ती निरंकुशता विरोधी पूँजीवादी लोकतान्त्रिक/गणतान्त्रिक आन्दोलन र पछिल्लो चरणमा एकात्मक राज्यको सट्टा संघात्मक राज्यको निम्ति आन्दोलन समेत हो । ती आन्दोलनहरू प्रायः विद्रोहात्मक प्रकृतिका रहे र तिनलाई सञ्चालन गर्ने पार्टीको ढाँचा लोकतान्त्रिक वा वामपन्थी भनिए पनि ती आन्दोलनमुखी र स्वभावैले अति-केन्द्रीयतामुखी रहे । मूलतः पुरानो सत्ता/संरचना 'ध्वंश' गर्ने क्रान्ति/आन्दोलनमुखी राजनीतिको चरणमा

पार्टीको नेता/कार्यकर्ताहरूको क्षमता/रूची/प्रवृत्ति पनि लड्नभिड्न सक्ने, जेलनेल खप्न सक्ने खालको हुन्छ र हुनुपर्छ भने संगठनको ढाँचा युद्धमुखी कमान/कन्ट्रोलमा आधारित हुनुपर्ने हुन्छ । तर अब नयाँ ऐतिहासिक चरण/युगमा प्रवेशसँगै नेपाली राजनीतिका एजेण्डा बदलिएका छन् । अबको मुख्य एजेण्डा भनेको प्राप्त लोकतान्त्रिक उपलब्धीहरूलाई संस्थागत र रक्षा गर्दै प्रधानरूपमा तीब्र आर्थिक विकास र समृद्धिको कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने र समुन्नत समाजवादको आधार तयार गर्ने नै हुन्छ । त्यसका लागि नयाँ सोंच, नयाँ नीति, नयाँ कार्यक्रम, नयाँ संगठन र नयाँ शैली/संस्कार सहितको नयाँ वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता हुन्छ ।

त्यही ऐतिहासिक कार्यभार पूरा गर्ने अभियानमा योगदान गर्नकै निम्ति मैले असोज ३ गते नयाँ संविधान जारी भएपछि असोज ९ गते आफू सम्वद्ध रहँदै आएको पार्टी परित्याग गर्ने घोषणा गरेको हुँ । त्यो कुनै क्षणिक आवेग, कसैप्रतिको असन्तुष्टी, कसैको उक्साहट वा अन्य कुनै दृश्य–अदृश्य कुराको परिणाम नभई ऐतिहासिक दायित्वबोधका साथ गरिएको सुविचारित निर्णय र सकारात्मक सोंचको अभिव्यक्ति थियो । हो, त्यस क्रममा महात्मा गान्धीले भारत स्वतन्त्र भइसकेपछि 'भारतीय राष्ट्रिय कांग्रेसलाई विघटन गरिदिए हुन्छ' भनेको, माओले चीनियाँ क्रान्तिको १५ वर्षपछि आफ्नै 'मुख्यालयमा वम वर्षाऊ' भनेको, चे ग्वेभाराले क्यूवाको क्रान्तिको ६ वर्षपछि क्यूवा छोडेर अफ्रिका र बोलिभियामा क्रान्ति गर्न हिंडेको घटनाले केही उत्प्रेरणा दिएकै हो । असोज ८ गते क. प्रचण्ड समक्ष त्यही स्पिरिटमा 'सबै माओवादी समूहलाई विघटन गरेर नयाँ शक्ति निर्माण गरौं' भन्ने प्रस्ताव राख्दा वहाँले त्यसलाई अस्वीकार गरेपछि आफू एक्लै भए पनि अघि बढ्ने सोंच बनेको हो । तर ती कुरा प्रमुख होइनन् । प्रमुख कुरा नेपाली इतिहासको आगामी कार्यभार

पूरा गर्न युग सुहाउँदो नयाँ वैकल्पिक राजनीतिक शक्तिको निर्माणमा आफ्नो सक्दो योगदान गर्ने अठोट नै हो ।

## *मुख्य वैकल्पिक एजेण्डा*

प्रस्तावित नयाँ राजनीतिक शक्तिका एजेण्डाहरूबारे पर्याप्त सामूहिक र सार्वजनिक छलफलपछि व्यापक सहभागितामूलक तरिकाले निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ । त्यही छलफलका निम्ति सहयोग पुऱ्याउन ५'स'को रूपमा मुख्य मुख्य बुँदा यहाँ प्रस्तुत गर्न चाहन्छु:

पहिलो 'स' - स्वाधीनता/सार्वभौमिकता: दुई भीमकाय छिमेकी भारत र चीनसँग सुमधुर सम्बन्ध राख्दै नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्ने युगसापेक्ष राष्ट्रिय सुरक्षा र विदेश नीतिको निर्माण विज्ञहरू सहितको व्यापक सहभागितामा गरिनुपर्छ । त्यस निम्ति पुरानो 'दुई ढुंगाबीचको तरूल'को विम्वको सट्टा 'दुई विकसित छिमेकीबीचको गतिशील पुल'को नयाँ विम्व निर्माण गर्दै दुबैको तीव्र आर्थिक विकासबाट फायदा लिने र छिटो समृद्ध र अन्तरनिर्भर बन्ने नीति अनुसरण गर्नुपर्दछ । भारतसँगको केही जटील सम्बन्धको हकमा उसँग तत्काल द्विपक्षीय पारस्परिक हितको व्यवहारिक सम्बन्ध राख्ने र दीर्घकालीन रूपमा आन्तरिक राष्ट्रिय एकता र आर्थिक समृद्धि सहितको 'प्रगतिशील राष्ट्रवाद'को नीतिमार्फत उसँगको परम्परागत परनिर्भर सम्बन्धलाई अन्तरनिर्भर सम्बन्धमा बदल्ने रणनीति अबलम्बन गर्नुपर्दछ । परराष्ट्र सम्बन्धको क्षेत्रमा रहेको वर्तमान अराजकता र अपारदर्शीतालाई अन्त्य गर्दै सबै देशसँगको सम्बन्धलाई संस्थागत, पारदर्शी र मर्यादित बनाइनुपर्दछ ।

दोस्रो 'स' - समावेशी/समानुपातिक/सहभागितामूलक लोकतन्त्र

: नयाँ वैकल्पिक शक्तिको मुख्य भेद र पहिचान आन्तरिक पार्टी लोकतन्त्र र राज्य क्षेत्रको लोकतन्त्रमा गुणात्मक रूपले भिन्न प्रयोग र व्यवहार हुनेछ । त्यो भनेको पार्टी र राज्यका सबै अंग र क्षेत्रमा विना शर्त र बहाना समावेशी, समानुपातिक र सहभागितामूलक लोकतन्त्रको व्यवहारिक अभ्यास नै हो । अर्थात पार्टी र राज्यका सबै निकायमा विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको समावेशी र समानुपातिक प्रतिनिधित्व अनिवार्य रूपमा हुनैपर्दछ । अझै सबभन्दा महत्वपूर्ण कुरा विद्यमान पार्टी र राज्यका अति-केन्द्रिकृत नोकरशाही ढाँचाको अन्त्य गरी पार्टीका अंगहरूमा कार्यकर्ताहरूको र राज्यका अंगहरूमा आम जनसमुदायको निरन्तर निगरानी, अनुगमन र हस्तक्षेप सुनिश्चित गर्ने सहभागितामूलक लोकतन्त्रको विधि विकास गरी लागू गरिनुपर्दछ ।

तेस्रो 'स' - समतामूलक समृद्धि : देशमा नयाँ शक्तिको मुख्य आवश्यकता र औचित्य भनेको सात दशकदेखिको राजनीतिक लोकतन्त्रको लडाइँबाट थिलथिलो भएका नेपाली जनतालाई छिटोभन्दा छिटो त्यसको आर्थिक प्रतिफल र समृद्धि दिलाउनु नै हो । त्यसको निम्ति केही दशकसम्म निरन्तर उत्पादनशील रोजगारी सहितको दुई अंकको आर्थिक वृद्धिदर हासिल गर्दै दश वर्षभित्र गरीवी र वेरोजगारीको अन्त्य गर्ने, बीस वर्षमा मध्यमस्तरको विकसित अवस्थामा पुग्ने र चालिस वर्षमा विकसित देशको कोटीमा पुग्ने आर्थिक विकास र समृद्धिको योजना विज्ञहरू र निजी क्षेत्र सहितको सहभागितामा निर्माण गरी कार्यान्वयन गरिनुपर्दछ । साथै विकासको प्रतिफल सबै वर्ग, क्षेत्र र समुदायमा समन्यायिक ढंगले पुऱ्याउने, निजी र राज्य क्षेत्रको सहकार्य हुने, कृषि, उद्योग र सेवा क्षेत्रको सन्तुलित योगदान हुने, स्वदेशी र विदेशी लगानी तथा श्रम र प्रविधिको उचित संयोजन हुने, विकास र वातावरणको सन्तुलन कायम हुने मौलिक विकास

नीतिको अनुसरण गरिनुपर्दछ ।

चौथो 'स' - समुन्नत समाजवाद : नयाँ शक्ति निर्माणको विमर्शमा सम्भवतः सबभन्दा ठूलो जिज्ञासा त्यसको वैचारिक आधारका बारेमा नै छ । यस सम्बन्धमा हिजोका शितयुद्धकालीन आग्रह र पूर्वाग्रहबाट प्रभावित भएर भन्दा पनि ज्ञान र विज्ञानका पछिल्ला अनुसन्धान र आविष्कार, विश्व इतिहासका अनुभवहरू र नेपाली समाजको ठोस वर्ग–विश्लेषणका आधारमा उचित निष्कर्षमा पुग्नु उपयुक्त हुनेछ । प्रारम्भमा यति चाहिँ भन्न सकिन्छ र भन्नैपर्छ कि मार्क्सद्वारा प्रतिपादित र अन्य चिन्तकहरूद्वारा समृद्ध द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी चिन्तनप्रणाली भौतिक र सामाजिक जगतलाई बुझ्ने र बदल्ने सबभन्दा वैज्ञानिक र सुसंगत प्रणाली हो । मूलतः त्यसैमा आधारित भएर र अन्य चिन्तनधाराका सकारात्मक पक्षहरूलाई समेत ग्रहण गरेर नयाँ वैकल्पिक राजनीतिक शक्तिले आफ्नो नीति, कार्यदिशा र कार्यक्रम तय गर्नेछ । सोही अनुरूप तत्काल राष्ट्रिय औद्योगिक पूँजीवादको जग निर्माण गर्दै त्यसमा टेकेर समुन्नत समाजवादमा पुग्ने रणनीतिक लक्ष्य हुनेछ । त्यो कुनै माथिबाट लादिएको, गरीवी बाँड्ने, व्यक्तिको निजत्व कुण्ठित गर्ने नोकरशाही समाजवाद होइन परन्तु तलैबाट उठेको, समृद्धि बाँड्ने, व्यक्तिको निजत्व प्रष्फुटित गर्ने सहभागितामूलक समाजवाद हुनेछ ।

पाँचौं 'स' - सदाचार/सुशासन/सुसंस्कृति : व्यवहारिक रूपमा नयाँ शक्तिलाई पुरानो शक्तिबाट छुट्याउने मुख्य कसी सदाचार, सुशासन र सुसंस्कृति हुनेछ । पुरातन राजनीतिक शक्तिहरूले राजनीतिलाई देश र समाजको निम्ति स्वेच्छिक सेवाको सट्टा निजी स्वार्थ पूर्ति गर्ने व्यवसाय र फोहोरी खेल बनाएकाले भ्रष्टाचार,

कुशासन र कुसंस्कार नेपाली राजनीतिको पर्याय बनेको छ । त्यसैले सदाचारयुक्त स्वाभिमानी नागरिकहरू र आदर्शवान युवा पुस्ता राजनीतिबाट वितृष्ण र विमुख हुँदै गइरहेछन् । यसलाई उल्ट्याएर नयाँ शक्तिले राजनीतिलाई स्वच्छ, पारदर्शी स्वयंसेवाको रूपमा स्थापित गर्नेछ र दशौं लाख आदर्शवान युवाहरू र चरित्रवान नागरिकहरूलाई देशसेवामा परिचालन गर्नेछ । सार्वजनिक जीवन र राज्यका अंगहरूबाट भ्रष्टाचार उन्मूलन, सुशासनको प्रत्याभूति र समाजमा उन्नत संस्कृति र संस्कारको विकासलाई नयाँ शक्तिले आफ्नो प्रमुख कार्यभार बनाउनेछ ।

## *नयाँ शक्ति निर्माण अभियान*

नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माणको प्रक्रिया पनि 'नयाँ' हुनु नितान्त जरूरी छ । केही स्वार्थ मिल्ने व्यक्तिहरू मात्र बसेर एउटा छुट्टै राजनीतिक समूह वा दल घोषणा गरियो भने त्यो 'नयाँ बोतलमा पुरानो रक्सी' मात्रै हुनेछ । त्यसको थप भार बोक्न नेपाली जनता अब अभिसप्त छैनन् । त्यसैले नयाँ सोंच, नयाँ एजेण्डा र नयाँ आचरण सहितको नयाँ शक्ति विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायबीच व्यापक छलफल, अन्तरक्रिया चलाएर सबैको स्वामित्व र अपनत्व कायम हुने गरी निर्माण गरिनुपर्दछ । त्यसका निम्ति विभिन्न पार्टीहरूभित्र रहेका, कुनै पनि पार्टी वा संगठनमा नरहेका व्यक्तिहरू, पेशाकर्मीहरू र मुख्यतः नयाँ सोंचले ओतप्रोत युवाहरूबीच व्यापक अभियान सञ्चालन गरिनुपर्दछ । माथिबाट निर्देशित भन्दा पनि तलैबाट सहभागितामूलक ढंगले बन्ने शक्ति नै वास्तवमा नयाँ र दीगो शक्ति बन्नेछ । क्याम्पसमा, फ्याक्ट्रीमा, चौतारीमा, कार्यालयमा र घरघरमा नयाँ शक्तिबारे बहस चलाएर र विभिन्न मुद्दाकेन्द्रित अभियान/आन्दोलनको बीचबाट नयाँ शक्ति बनेमा नै त्यो सार्थक हुनेछ ।

## *केही अनुभुतिहरू*

मैले आफैंले बनाएको पुरानो राजनीतिक डुंगा परित्याग गरेर जीवनको उत्तरार्धमा एक्लै सांसारिक समुद्रमा हाम्फाल्दा धेरैले आश्चर्य व्यक्त गरेका छन् । कतिपयले अपुष्ट आशंका र मनगढन्त दुस्प्रचार पनि गरेका छन् । तर म विचलित छैन । किनकि म सिक्न तयार छु । म गल्ती कमजोरी सच्याउन तयार छु । म सकारात्मक सोंच राख्दछु र अरूलाई सकारात्मक सोंच बाँड्न चाहन्छु । मैले जीवनमा आफ्नो निम्ति सबै थोक प्राप्त गरिसकेको छु । मैले त अब बाँकी जीवनमा समाज, देश र मानव जातिलाई आफूले सकेजति दिने काम मात्र गर्नुछ । लक्ष्मी र सरस्वती सँगै नबसे झैं सत्य र सत्ता अक्सर सँगै बस्दैनन् भन्ने मलाई थाहा छ । म तिनीहरूलाई सँगै राख्ने नयाँ घरको खोजीमा छु । अहिले म त्यही यात्रामा निस्केको छु । त्यस निम्ति म सहयात्रीहरूको खोजीमा छु । विशेष गरी युवाहरूको खोजीमा छु जसले समृद्ध नयाँ नेपालको नेतृत्व गर्नेछन् । आइन्सटाइनले भनेझैं - 'मसँग कुनै विशेष गुण छैन । म उत्कण्ठापूर्ण जिज्ञासु मात्र हुँ ।'

*कान्तिपुर दैनिक, २०७२ कात्तिक ११ गते*

# नयाँ शक्तिको औचित्य, आधार र निर्माण प्रक्रिया

## *नयाँ शक्तिको औचित्य*

हामीले किन नयाँ युगको निम्ति नयाँ शक्तिको कुरा गरिरहेका छौं ? पुरानै शक्तिले किन हुन सकेन र नयाँ किन आवश्यक पर्यो ? र नयाँ युगले गर्ने के हो ? भन्ने विषयमा म प्रकाश पार्न चाहन्छु । यसमा दुईवटा कुरा छन् । एउटा त बस्तुगत प्रक्रिया हुन्छ । इतिहासको जुन एउटा गतिको नियम हुन्छ त्यो गतिको नियमले निर्धारित गरेका कतिपय कुरा हुन्छन् त्यसलाई तपाईं-हामीले नजरअन्दाज गर्न मिल्दैन । हामी भौतिकवादी र बस्तुवादी चिन्तन राख्ने मानिसहरूले इतिहासको माग के हो ? बस्तुगत आवश्यकता के हो ? त्यसलाई नै पहिलो प्राथमिकता दिन्छौं । दोस्रो कुरा भनेको चाहिँ आत्मगत पक्ष हो । त्यो बस्तुगत आवश्यकता पूर्ति गर्नको निम्ति आत्मगत रूपमा हाम्रो प्रयत्न के हुनुपर्छ ? हाम्रो चेतना, हाम्रो पहल के हुनुपर्छ ? पुरानोले किन पुगेन र नयाँ किन आवश्यक पर्यो ? यी दुईवटा कुरा महत्वपूर्ण हुन्छन् । त्यसैले

अहिले हामीले नयाँ शक्तिका कुरा गर्दा एउटा बस्तुगत पक्ष र अर्को आत्मगत पक्ष भनेर बुझ्नु आवश्यक छ ।

बस्तुगत पक्षको कुरा गर्दा, अहिले दुई सय वर्ष पहिलेदेखिको – मैले सुगौली-सन्धीलाई बेन्चमार्क बनाइराखेको छु, पृथ्वीनारायण शाहले काठमाडौंलाई कब्जा गरेको दिनबाट गन्दाखेरि त अढाई सय वर्ष हुन्छ – एउटा युगको परिवर्तन हो । किनकि पृथ्वीनारायण शाहको नेतृत्वमा र उनका उत्तराधिकारीहरूले पूर्णतामा पुऱ्याएको नेपाल भनेको सामन्ती, एकात्मक, निरंकुश नेपाल थियो । त्यसले पुराना भुरे-टाकुरे राज्यहरू, कविलायी राज्यहरूलाई एक ठाउँमा मिलाएर सामन्ती, केन्द्रिकृत नेपाल बनाएको हो । त्यसक्रममा हामीले सुगौली-सन्धीमा, अंग्रेजहरूसँगको लडाइँमा हामीले हार्यौं, हाम्रो सीमा निर्धारण भयो र दुई सय वर्षदेखि हामी यहाँसम्म आयौं । यो पुरानो राज्यसत्ता जसलाई हामीले आन्तरिक रूपमा सामन्तवादी र बाह्य रूपमा अर्धऔपनिवेशिक भन्दै आएका थियौं । त्यसैका विरूद्धमा पहिले लखन थापाको विद्रोह भएको थियो । वि.सं. १९९७ सालमा प्रजापरिषद्को नेतृत्वमा विद्रोह भयो । २००७ सालको नेपाली कांग्रेसको नेतृत्वमा र भर्खरै स्थापना भएको कम्युनिष्ट पार्टीको सहयोगमा एक ढंगको विद्रोह र आशिंक परिवर्तन भयो । त्यसपछिको लामो निरंकुशताको काल र २०४६ सालमा फेरि एउटा पूँजीवादी प्रकारको आंशिक परिर्वतन भयो । त्यो अपूर्ण रहेर २०५२-०६२ सम्मको माओवादी जनयुद्धले देशव्यापी रूपमा सामन्तवादको जरा काटेर पूँजीवादी क्रान्तिलाई पूर्णता दिने प्रयास भयो । त्यसैको जगमा भएको २०६२/०६३ को आन्दोलन र मधेश, थारूवान, जनजाति लगायतका आन्दोलनको जगमा नै त्यो पूरानो सामन्ती राज्यसत्ताको अन्त्य भयो । हामीले संविधानसभाबाट संविधान बनाएर पूँजीवादी गणतन्त्रलाई संस्थागत गर्ने जुन केन्द्रीय माग बनाएका थियौं त्यो केन्द्रीय माग अहिले ०७२ असोज ३ गते आएर पूरा गर्यौं । त्यसैले

त्यो एउटा युग पूरा भएकै हो । अब हामी नयाँ पूँजीवादी युगमा विधिवत् रूपमा प्रवेश गर्यौं ।

## *अब के हुन्छ त ?*

पूँजीवादी क्रान्ति अर्थात् सामन्तवादको विरूद्ध, पूरानो निरंकुश राजतन्त्रात्मक, एकात्मक जुन राज्यसत्ता थियो त्यसलाई अन्त्य गर्ने, त्यसको विरूद्ध संघर्ष गर्ने एउटा तरिका हुन्छ । त्यो भनेको पूरानो सत्तालाई भत्काउनको निम्ति विद्रोहात्मक ढंगले गतिविधि गर्नको निम्ति बन्ने पार्टीहरूको ढाँचा एउटा प्रकारको हुन्छ । प्रजापरिषद् कै ढाँचा हेर्ने हो भने सुरूमा अलिकति आतंककारी ढंगले भूमिगत गतिविधि गर्ने, राणा शासकहरूलाई मार्ने जस्ता योजनाहरूबाट उनीहरूले सुरू गरेका थिए । पछि नेपाली कांग्रेसले २००७ सालको विद्रोहमा पनि विदेशबाट हतियार ल्याएर राणाशाहीको विरूद्धमा सत्ता कब्जा गर्ने ढंगले काम गरेको थियो । पछि पञ्चायतका विरूद्धमा भएका विभिन्न खालका विद्रोहहरू पनि चाहे कांग्रेसले गरेको होस्, चाहे एमालेले (त्यतिबेलाको माले) गरेको होस, चाहे साना कम्युनिष्ट घटकहरूले होस, विद्रोहात्मक ढंगले नै गरिएका हुन् । त्यतिले नपुगेपछि २०५२-२०६२ मा हामीले गरेको महाविद्रोह जसलाई हामीले जनयुद्ध भन्यौं त्यसमार्फत त्यो पुरानो सत्तालाई भत्काउने र जरादेखि उखेल्ने काम हामीले गरेका हौं । त्यसैले त्यसप्रकारको पुरानोलाई भत्काउने ढंगको संगठन र शैली एक प्रकृतिको हुन्छ । अब हामी पूँजीवादी क्रान्तिलाई पूर्णता दिएर नयाँ चरणमा जाँदैछौं र हामीले बुझेको मोटामोटी विषय के हो भने पूँजीवाद जो अहिले विश्वमा प्रचलनमा छ त्यसले पनि समस्याको समाधान गर्दैन । पूँजीवाद इतिहासको विकासको निम्ति आवश्यकता त हो, उत्पादक शक्तिको विकासको निम्ति, तर त्यो मात्रै पर्याप्त हुँदैन । पूँजीवादले जुन खालको असमानता र विभेद ल्याउँछ त्यसले

गर्दा मुठ्ठीभर मान्छे सम्पन्न हुने र बहुसंख्यक मान्छे चाहिँ विपन्न र उत्पीडित हुने परिस्थिति सिर्जना गर्छ । त्यसैले समाजवादको दिशातिर जानु, समाजवाद हुँदै राज्य र वर्गविहिन साम्यवादसम्म जानुको विकल्प रहन्न भन्ने मानव जातिबाट विकसित ऐतिहासिक द्वन्दात्मक भौतिकवादी पद्धतिले हामीलाई सिकाएको कुरा हो । यसरी हेर्दा नेपालमा सामन्तवाद, निरंकुशता र एकात्मकताको अन्त्य त गर्यौं, पूँजीवादी क्रान्तिलाई मूलरूपमा, राजनीतिक रूपमा पूरा त गर्यौं तर अब हामी समाजवादको यात्रामा अगाडि बढ्नुछ र पूँजीवादलाई एक विन्दूसम्म विकास गरेर जुन उपलब्धी प्राप्त छन् त्यसमा टेकेर अगाडि बढ्नुछ । यो नितान्त नयाँ प्रकारको कार्यभार हुन्छ । अब हिजोकै राजनीतिक चिन्तनले, हिजोकै विचारले, हिजोकै कार्यदिशाले, हिजोकै संगठनात्मक शैली, हिजोकै नेतृत्व प्रणाली र हिजोकै तपाईं-हाम्रा क्षमताले पुग्दैन । त्यसैले यो नयाँ युगले नयाँ विचार, नयाँ कार्यदिशा, नयाँ संगठनात्मक ढाँचा, नयाँ शैली र नयाँ प्रणालीको माग गर्छ । त्यसैले पहिलो कुरा, बस्तुगत रूपमा एउटा युग पूरा भएर नयाँ युगमा प्रवेश गरेको सन्दर्भमा हिजोकै विचार, संगठनात्मक शैली र पद्धतिले पुग्दैन । अब हामीले मुख्य रूपमा पहिलो चरणमा उत्पादक शक्तिको विकास गर्दै पूँजीवादी क्रान्तिलाई सापेक्ष पूर्णतामा पुऱ्याउने र दोस्रो चरणमा चाहिँ समाजवादको दिशामा जाने ढंगले जानको निम्ति हिजोको हाम्रा विचार, शैली, संगठनले पुग्दैन । पहिलो बस्तुगत आवश्यकता यो हो । त्यसैले हामीले नयाँ शक्ति भन्नुको पछाडिको पहिलो बस्तुगत कारण यो हो ।

दोस्रो आत्मगत कारण हो । हिजोकै शक्तिलाई मिलाएर, त्यसैलाई सुधार गरेर, त्यसैमा नेतृत्व परिवर्तन गरेर, अर्थात तिनै मध्येका विभिन्न समूहलाई एक ठाउँमा ल्याएर पनि त्यो हुन्थ्यो होला भन्ने अर्को प्रश्न आत्मगत पक्षको प्रश्न हो । संगठन या

शक्ति निर्माण गर्दाखेरि भएका पुरानै विचारलाई सामान्य सुधार गर्ने र पुरानै पार्टी र संगठनहरूमा सामान्य हेरफेर र सुधार गर्ने, त्यहाँ नेतृत्व परिवर्तन गर्ने अर्थात् ती भएका विभिन्न समूहहरूलाई एक ठाउँमा ल्याएर अगाडि लिएर जाने पनि त गर्न सकिन्थ्यो नि भन्ने प्रश्न उठ्न सक्छ । आत्मगत रूपमा हामीलाई के लाग्छ भने नयाँ युगको यति ठूलो युगीन कार्यभार पूरा गर्दा त्यसरी हिजोकै खास परिवेशमा बनेका संगठन, बनेको विचार र बनेको नेतृत्व र कार्यशैलीलाई सामान्य जोड-घटाउ र सुधार गरेर मात्रै त्यो शक्तिले यो नयाँ युगको कार्यभार पूरा गर्न सक्दैन । त्यसैले आत्मगत रूपमा पनि हामीले नयाँ ढंगले सोच्नुपर्ने हुन्छ । किनकि हिजोदेखिका शक्ति, नेपालको इतिहासमा पहिलो चरणमा प्रजापरिषद्, त्यसको जगमा अलिकति अगाडि आएको नेपाली कांग्रेस, त्योभन्दा अलि फरक र नयाँ प्रगतिशील चेतना बोकेर आएका वामपन्थी र त्यसको पहिलेको मूल शक्ति माले/एमाले र त्यसभन्दा पनि माथि उठेर त्यसैमा सुधार गरेर नयाँ ढंगले जान्छु भनेर आएका माओवादी शक्ति, यो चारवटा शृत्ला टेकेर हामीले त्यो युग पूरा गरेका थियौं । यहाँसम्म आइपुग्दा प्रजापरिषद् त इतिहासमा विलिन भइसक्यो । कांग्रेस एउटा झारजस्तो त्यसलाई कसैले गोडमेल पनि गर्न पर्दैन आफैं उम्रिराख्छ, चुनावको बेलामा भोट हाल्छ तर त्यसको कुनै विचार, नीति, आदर्श खास बाँकी पनि छैन, त्यस्तो बाँकी रहिराख्छ तर नयाँ युगको आवश्यकता पूर्ती गर्ने ढंगले त्यो आउने सम्भावना छैन । इतिहासको विडम्बना के हुँदोरहेछ भने पुरानो शक्तिको विनाश हुँदै जान्छ र नयाँ आएको शक्ति पनि गोलचक्कर हुँदै त्यहीँ पुग्दोरहेछ । पछि वामपन्थी कम्युनिष्टहरूको एमालेको रूपमा आएको शक्तिको पनि विस्तारै कांग्रेसीकरण भएर त्यो कांग्रेसकै अलिकति नयाँ रूप भएको अहिले हामी देख्छौं । २०४६ सालपछि आएको एमाले विस्तारै कांग्रेसीकरण भएर गयो । त्यसैको विरूद्धमा

माओवादीले विद्रोह गर्‍यो र नयाँ क्रान्तिकारी शक्ति, विकल्प निर्माण गर्छौं भनेर हामी लागेकै हो । केही हदसम्म निर्माण गर्न हामी सफल भएको पनि हो । तर इतिहासको विडम्बना त्यो माओवादी शक्ति पनि एउटा विन्दूमा पुगिसकेपछि विस्तारै केही चाहिँ टुटफुट भएर जाने र भएको पार्टीको मूलधारको मूल नेतृत्वले रंग बदलेर अन्ततः त्यही पुरानै शक्तिमा गएर मिसिने भयो । नेपाली कांग्रेसको अधस्पतन जुन ढंगले भयो, पञ्चायत अथवा राजतन्त्रवादी शक्तिहरूसँग मिलेर त्यही विचार लिएर कांग्रेसको आफ्नो जुन स्वरूप, विपी कोइरालाले लिएको प्रजातान्त्रिक समाजवादी विचार थियो त्यो विस्तारै अत्यन्त दक्षिणपन्थी धारमा गएको थियो र पछि एमाले त्यसरी नै कांग्रेसको धारमा गएको थियो, पछिल्लो चोटि माओवादी आन्दोलन जसको अधिकांश हिस्सा हामी छौं त्यो माओवादी आन्दोलनको मूल नेतृत्व पनि घुमीफिरीकन फेरि एमालेकरण भयो । अहिले एमालेको कांग्रेसीकरण र माओवादीको एमालेकरण भएको स्थिति छ । एउटाको पुच्छर अर्को जस्तै गरी कांग्रेसको पुच्छर एमाले र एमालेको पुच्छर माओवादी भएर उही पुरानै सत्ताको अंग हुन पुग्यो ।

पछिल्लो चोटि संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेपछि त्यसबाट बनेको पहिलो सरकारले नै आगामी दिनमा कस्तो स्थिति बन्छ र के हुन्छ भन्ने झल्को दिन्छ । जसरी २००७ सालको परिवर्तन भयो तर नेतृत्व राणाले गरे, २०४६ सालको परिवर्तन भयो तर राजतन्त्र अन्तरगत नेतृत्व कांग्रेस र एमालेले गरे र अहिलेको जुन परिवर्तन भयो र त्यसको नेतृत्वमा उही पुरानै कमल थापा, केपी शर्मा ओली र विजयकुमार गच्छदार र त्यसमा माओवादी पार्टीबाट क. प्रचण्डसँग रहेको समूह भएर जसरी सहवरण हुन पुग्यो त्यसले २००७ सालदेखिकै पुनरावृत्ति फेरि नयाँ ढंगले भयो । त्यसैले त्यो माओवादी आन्दोलन, जो तपाईं–हामी सबैले रगत–पसिना बगाएर यहाँसम्म ल्याएका थियौं,

त्यो पनि यो विन्दूमा आइसकेपछि आत्मगत रूपमा पुरानै शक्तिमा रूपान्तरण हुन पुग्यो । यो अवस्थामा हामीले त्यही पुरानै शक्तिलाई फेरि टालटुल गरेर हुन्छ कि भनेर सोच्ने अवस्था रहेन । कतिपय साथीहरूले यसैलाई टालटुल गरेर, यसैलाई सुधार गरेर, यसैको नेतृत्व फेरेर हुन्थ्यो कि भन्ने जुन कुराहरू गर्नुभएको छ, यथार्थ त्यस्तो हुँदैन । आदर्शवादी ढंगले सोच्न त सकिन्छ तर व्यवहारिक ढंगले, बस्तुवादी ढंगले सोच्दाखेरि त्यो माओवादी आन्दोलन अहिले यहाँसम्म आइपुग्दा विधिवत् रूपमा टुटफुटबाट विघटन र विसर्जन र वैचारिक-राजनीतिक ढंगले यतिधेरै स्खलन कि पुरानो राजनीतिक शक्तिमा विलिन भयो । त्यहाँको कुरा गर्दा सुन्नै लाजमर्दो हुन्छ । साथीहरूसँग बैठकमा बस्यो, मलाई मन्त्री दिएन भने म यहीँ आत्महत्या गरेर मर्छु भन्छन् । मैले दुई वर्ष पहिले उपाध्यक्षबाट पदत्याग गरेको त्यत्तिकै होइन । केन्द्रीय समितिको त्यो बैठकमा केन्द्रीय सदस्यहरूले मैले पद पाइनँ, अर्कोले खायो मैले पाइनँ भन्ने बहस बाहेक कसैले गरेन । विचार, राजनीति, आदर्श, मूल्य-मान्यता भन्ने कुरा कहिँ पनि देखिएन । त्यसैले दुई वर्ष पहिले नै यो पार्टी र आन्दोलन विघटन र विसर्जनमा पुगेछ भनेर अब यसको नेतृत्वमा बस्नु भन्दा तल बसेर नै सुधार्ने प्रयत्न गर्छु भनेर नै छोडेको थिएँ । यहाँसम्म आइपुग्दा त नांगो रूपमा नै त्यो देखा पर्यो । त्यसैले आत्मगत रूपमा पनि हिजोको माओवादी आन्दोलनको एउटा चक्र पूरा भयो । अब त्यसैलाई माया गरेर, त्यसैलाई बोकेर हिंडेर हामी कहिँ पनि पुग्दैनौं । हिंड्न त सकिन्छ तर जसको अवसान भइसकेको छ, ऐतिहासिक भूमिका पूरा गरिसकेको छ त्यसैलाई बोकेर हिंड्नुको खासै अर्थ रहँदैन । यसरी बस्तुगत रूपमा पनि हामी मुख्य रूपमा नयाँ युगमा प्रवेश गरेको र आत्मगत रूपमा पछिल्लो चोटि विकसित भएको माओवादी शक्ति पनि क्रमशः पुरानै शक्तिमा विघटित र विसर्जित भएको अवस्थामा नयाँ युगको नयाँ

कार्यभार पूरा गर्नको निम्ति हामीले अब नयाँ ढंगले सोच्नुको विकल्प छैन । यही निष्कर्षका साथ नै अब पहल गरौं, हामीले हिजोदेखि जे भन्दै आएका थियौं त्यसको सुरूवात गरौं भनेर नै मैले यो कदम चालेको हो र सल्लाहले, सहमतिले र एकरूप बुझाइले नै हामी यहाँसम्म आएका हौं ।

## *नयाँ शक्तिको मुख्य कार्यभार*

अब यसपछि नयाँ युगको नयाँ कार्यभार पूरा गर्ने नयाँ शक्तिको मुख्य कार्यभार के त ? के गर्नुपर्छ त ? भन्ने सन्दर्भमा, समस्या के हो ? अन्तरविरोध के हो ? त्यो पहिले हामीले बुझ्नुपर्ने हुन्छ । किनकि हामीले सिकाएको ऐतिहासिक तथा द्वन्दात्मक पद्धतिले के भन्छ भने कुनै पनि परिवर्तन, क्रान्ति अथवा कुनै पनि राजनीतिक शक्तिको भूमिका भनेको समाजमा तत्काल विद्यमान अन्तरविरोध के हो ? त्यो अन्तरविरोधलाई हल गर्ने ढंगले नै कुनै पनि शक्तिको आवश्यकता र औचित्य रहन्छ । जसरी हिजो सामन्तवादसँगको अन्तरविरोधलाई हल गर्नको निम्ति यी विभिन्न चरणका पार्टीहरू बने र हामीले अन्त्यमा माओवादी बनाएका थियौं अबको नयाँ चरणको अन्तरविरोध के हो ? भन्ने ठम्याएर मात्रै नयाँ शक्तिको विचार र राजनीति, संगठनात्मक ढाँचा, नेतृत्व प्रणाली हामीले विकास गर्न सक्छौं । यसरी हेर्दा मलाई तत्काल लागेको कुरा के हो भने तीन वटा मुख्य अन्तरविरोध नेपाली समाजमा तत्काल देखा पर्छन् ।

एउटा, नेपालको बदलिएको जुन संरचना छ त्यसमा अगाडि बढेको राजनीतिक सम्बन्ध र पछाडि परेको आर्थिक सम्बन्धको बीचको अन्तरविरोध नै नेपाली समाजको आन्तरिक रूपमा सबभन्दा ठूलो अन्तरविरोध हो । राजनीतिक रूपमा हामीले संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको जुन संविधान बनायौं त्यो संविधानको मोटामोटी खाका तपाईंहरूले अध्ययन पनि गर्नुभयो

होला, म आफूले त सुरूदेखि नै पार्टीको तर्फबाट मुख्य भूमिका निर्वाह गर्ने अवसर पाएको र पछिल्लो चरणमा संविधानसभाको मुख्य संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको सभापति र त्यसअन्तरगतको विशेष समितिको संयोजक भएको नाताले मलाई अक्षरशः सबै कुरा थाहा छ । त्यसरी हेर्दा के देखिन्छ भने कतिपय कमि-कमजोरीका वावजुद पनि धेरै नै राम्रा कुराहरू, प्रगतिशील कुराहरू, पूँजीवादी क्रान्तिभित्रका कुराहरू त्यसभित्र छन् । उदाहरणको निम्ति शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यसम्प्रभुता, आवास जस्ता कुरामा जनताको मौलिक अधिकार स्थापित गर्ने भन्ने कुरा पूँजीवादी लोकतन्त्रभित्रको अत्यन्त विकसित अवधारणा हो । त्यो यो संविधानमा छ । यसरी हेर्दा संविधानमा भएको राजनीतिक अधिकारको हिसाबले र समाजको उपरीसंरचनाको हिसाबले अत्यन्त अगाडि बढेको अवस्था हो । त्यसैले एकापट्टि राजनीतिक अधिकार अगाडि बढ्यो तर यसलाई कार्यान्वयन गर्नको निम्ति आर्थिक आधार छैन । राजनीति र अर्थतन्त्र त अन्तरसम्बन्धित हुन्छन् । राजनीति भनेको त अर्थतन्त्रको संकेन्द्रित रूप हो । यसरी हेर्दाखेरि अर्थतन्त्रकै एउटा अभिव्यक्ति र 'सुपरस्ट्रक्टर' (अधिरचना) राजनीति हो । त्यो त हामीले अगाडि बढायौं । हाम्रा अहिलेसम्मका आन्दोलनबाट प्राप्त परिवर्तनलाई संविधानसभाले संस्थागत त गर्यो तर, हाम्रो आर्थिक आधार के छ त भनेर हेर्नुभयो भने यति धेरै गरीवी छ, यति धेरै बेरोजगारी छ, त्यसभित्र पनि यति धेरै असमानताहरूः वर्गीय, जातीय, क्षेत्रीय असमानता छ, त्यो रहेसम्म संविधानमा जतिसुकै राम्रा राजनीतिक अधिकारका कुरा लेखिए पनि व्यवहारतः त्यो लागू हुँदैन । भोलिदेखि सबैलाई शिक्षा निःशुल्क, स्वास्थ्य निःशुल्क, आवासको सबैलाई व्यवस्था हुने, कोही पनि भोको बस्न नपर्ने भन्ने कुरा त राम्रो लेखियो तर त्यो पुर्‍याउनको निम्ति त्यही अनुरूपको हाम्रो समृद्धि हुनुपर्‍यो कि परेन ? राज्यको आर्थिक हैसियत हुनुपर्‍यो

कि परेन ? तर हाम्रो स्थिति के छ भने अहिले हाम्रो प्रतिव्यक्ति आम्दानी करिव सात सय डलर छ । त्यो भनेको प्रतिदिन हाम्रो आम्दानी दुई डलर हो । प्रतिदिन दुई डलर भनेको विश्वको मापदण्डको हिसाबले हेर्दा गरीबीको रेखामुनी हो । यसरी पूरै देश नै गरीबीको रेखामुनी पर्छ । यस्तो अवस्थामा रहेसम्म संविधानमा जतिसुकै राम्रा कुरा लेखिए पनि त्यो व्यवहारतः लागू हुन सक्दैन । त्यसैले अगाडि बढेको राजनीतिक अधिकार, राजनीतिक सम्बन्ध, उपरीसंरचना र अत्यन्त पछाडि परेको आर्थिक सम्बन्ध नै नेपाली समाजको तत्कालको सबभन्दा ठूलो अन्तरविरोध हो । सत्तामा जोसुकै बसे पनि आर्थिक विकास र समृद्धिको ठूलो अभियान र योजना नल्याएसम्म यो अन्तरविरोध हल नै हुँदैन । अहिले आफ्नो नेतृत्व पनि छैन, अर्काको नेतृत्वमा, कमल थापाजस्ता मान्छेहरू हावी भएको ठाउँमा, केपी ओली जस्ता अत्यन्त प्रतिगामी सोंच राख्ने मान्छे हावी भएको ठाउँमा, ८/१० जना मन्त्री थपिएर पनि त्यहाँ गर्न सक्ने कुरा केही पनि हुँदैन, कार्टुन र जोकर बन्ने स्थिति त्यहाँ बन्छ । त्यसैले यो अगाडि बढेको राजनीतिक सम्बन्ध र पछाडि परेको आर्थिक सम्बन्धबीचको अन्तरविरोध नै मुख्य अन्तरविरोध हुन्छ । हो, त्यो हल गर्नको निम्ति राजनीतिक सत्ता त चाहिन्छ । राज्यसत्ता लिएर, राज्यको नेतृत्व लिएर आर्थिक विकास र समृद्धिको योजना हाम्रो सोंचअनुसार, भिजनअनुसार कार्यान्वयन गर्ने ढंगले जान सक्यौं भने सापेक्ष ढंगले हल हुन्छ, पूर्ण ढंगले त हल हुँदैन । किनकि पूँजीवाद नै अहिले आउने हो, पूँजीवादले समस्याको पूरै हल त गर्दैन । तैपनि अहिलेको अत्यन्त गरीबी र बेरोजगारीको अवस्थालाई चाहिँ हल गर्न सम्भव हुन्छ । त्यसको निम्ति आर्थिक विकास र समृद्धिलाई केन्द्रमा राखेर नै केही दशक हामीले योजना बनाएर जानुपर्ने हुन्छ । त्यसैले यो कार्यभार पूरा गर्न पुरानै शक्तिबाट सम्भव हुँदैन । जसको आर्थिक विकास र समृद्धिको

खास निश्चित योजना पनि छैन, त्यसमा पनि व्यक्तिगत रूपमा यति भ्रष्टाचार र दूराचार भएको अवस्था छ कि यिनै राजनीतिक शक्ति, यही नेतृत्वले त्यो आर्थिक विकास र समृद्धिको अभियानको नेतृत्व गर्नै सक्दैन । त्यसैले यो मुख्य अन्तरविरोध हल गर्नको निम्ति हामीलाई नयाँ ढंगको राजनीतिक शक्ति चाहिन्छ ।

दोस्रो अन्तरविरोधको सन्दर्भमा, नेपाल विविध जातीय, भाषिक र क्षेत्रीय समुदायले बनेको देश हो । अहिलेसम्म नेपाल भनेर हामीले मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मको भूगोललाई मात्र भन्यौं । तर नेपाल भनेको जनता पनि हो, राष्ट्र भनेको त जनता हो । तर हामीले राष्ट्र र जनतालाई विर्सिएर भौगोलिक सीमालाई मात्रै नेपाल भन्ने र त्यसैको निम्ति हामीले बुझेर/नबुझेर बडो अन्धराष्ट्रवादी नारा लगाउने मात्रै गर्यौं । तर नेपाली सीमाभित्र रहेका विविध जाति, भाषा, क्षेत्र, लिंग, समुदायका जो जनता हुन् तिनको समुच्चता नै नेपाली राष्ट्रियता हो र त्यसैको समष्टिगत अभिव्यक्ति नै नेपाल देश हो भन्ने कुरालाई हामीले ठीक ढंगले बुझ्न जरूरी छ । हिजो सामन्ती-कालमा त राजा-महाराजाहरूले आफूलाई नेपालको प्राधिकार ठान्ने, फ्रान्सको लुई सम्राटले 'आइ एम द स्टेट' भनेजस्तै म नै नेपाली हुँ, 'सबै पञ्च नेपाली सबै नेपाली पञ्च' भन्ने जस्ता भावनात्मक कुराहरू गरेर जनतालाई बिर्सिएर शासक मात्रै नेपाली हुन् भन्ने जुन अवधारणा ल्याए त्यसले अब पुग्दैन । सामन्ती युगमा त त्यो थियो तर अब हामी नयाँ युगमा प्रवेश गरेका छौं । अबको नेपाल र नेपाली राष्ट्रियता भनेको यो देशमा बस्ने सबै जाति, भाषा, क्षेत्र, लिंग, समुदायको समुच्चता हो । यी सबै जाति, भाषा, क्षेत्र, लिंग, समुदायलाई एकतावद्ध नगरेसम्म हामीले नयाँ नेपाल बनाउन सक्दैनौं । हामीले सोचेको समृद्ध नेपाल पनि बन्दैन । त्यसैले यहाँका मुख्य जातीय, भाषिक र क्षेत्रीय समूहहरूलाई अधिकारसम्पन्न बनाएर, उनीहरू सबैमा नेपाली हुँ

भन्ने भावनाको विकास गरेर विभिन्न जाति, भाषा, क्षेत्रलाई हामीले एकतामा गाँस्न सक्नुपर्छ । त्यो नै अबको मुख्य काम हुन्छ । अहिले तत्काल एउटा अन्तरविरोध त्यहाँनेर देखा पर्छ । त्यसैको निम्ति हामी संघीयतामा जाने, संघीय इकाइहरूलाई पर्याप्त अधिकार दिने र बलियो केन्द्रीय सत्ता निर्माण गर्ने जुन हामीले सोंच बनाएका छौं त्यो लागू गर्ने कुरा, त्यसलाई ठीक ढंगले बुझ्ने र प्रयोग गर्ने कुरा नै राजनीतिक रूपमा सबैभन्दा ठूलो अन्तरविरोधको विषयको रूपमा आउन सक्छ ।

नेपालमा थुप्रै जाति, भाषिक समुदाय त छन्, तर मुख्य रूपमा तीन वटा 'क्लस्टर' छन् । आर्य-खस मूलको राष्ट्रियताको एउटा 'क्लस्टर' छ जसको जनसंख्या करिव एक तिहाई छ र त्यो नै नेपालको अहिलेसम्मको शासनसत्ताको मुख्य केन्द्रमा रहँदै आयो । यो एक तिहाई नै मुख्य शासकको रूपमा रहँदै आयो र सत्तामा रहेपछि अलिकति बढी सेवा-सुविधा लिने कारणले गर्दा मूल रूपमा यही 'क्लस्टर'का मान्छेहरू चाहिँ अलि बढी अगाडि आए । दोस्रो भनेको मंगोल अथवा तिब्बती-बर्मेली र भोट-बर्मेली परिवारका आदिवासी/जनजाति जुन हामीले भन्छौं त्यो अर्को समुदाय हो जो मुख्य रूपमा पहाडमा बस्छ र त्यसको पनि जनसंख्या करिव एक तिहाई छ । यो पनि नेपालको महत्वपूर्ण हिस्सा हो जो नेपालको राज्यसत्तामा केन्द्रीय भूमिकामा रहन सकेन । आर्य-खस समुदायकै जातिको नेतृत्व रहेको राज्यसत्तामा सहयोगीको भूमिका मात्रै उसले खेल्यो । कतिपय अवस्थामा उत्पीडित अवस्थामा रह्यो । मूल नेपालीको रूपमा त्यो समुदाय पनि स्थापित हुन सकेन । तेस्रो समुदाय भनेको चाहिँ मैदानी आर्य र अष्ट्रो-द्रविड मूलका तराई-मधेशमा बस्ने मधेशी र थारू लगायतका एक तिहाई जनसंख्या भएको समुदाय हो । त्यो पनि नेपालको राज्यसत्ताको मूल प्रवाहमा दुई सय वर्षसम्म रहन सकेन, सहायक रूपमा नै रह्यो, मूल

प्रवाहमा कहिल्यै त्यो पनि आउन सकेन ।

यसरी जुन तीनवटा 'क्लस्टर' छन, आर्य–खस समुदाय, तिब्बती–बर्मेली समुदाय र मैदानी आर्य–अनार्य लगायतको मधेशी–थारू समुदाय, यी समुदायबीचको एकता नै नेपालको एकता हो । यसको समुच्चता नै नेपाल हो । त्यसैले यो कुरालाई ठीक ढंगले हामीले ग्रहण गर्न सकिएन भने र अब पनि एउटै समुदायको वर्चश्व कायम रहने र अरू समुदायलाई उनीहरूको सही हक–अधिकार नदिने हो भने देशमा एकता पनि कायम हुन सक्दैन र हामीले सोचेको समृद्ध नयाँ नेपाल पनि निर्माण हुन सक्दैन । त्यसैले यी विविध जातिहरू, मुख्य यी तीनवटा 'क्लस्टर'हरूको बीचमा एकता कायम गरेर नेपाललाई एकतावद्ध र बलियो बनाउने पनि आगामी दिनको महत्वपूर्ण कार्यभार हुन्छ । त्यसैले यो अन्तरविरोध आगामी दिनमा हामीले हल गर्नैपर्छ । त्यो हल नगरिकन एउटा पक्षले म मात्रै हावी हुन्छु र अरूमाथि दमन गरेर शासन चलाउँछु भन्ने सोच्यो भने त्यो सम्भव हुँदैन । अहिलेको बदलिएको परिवेशमा, पूँजीवादी भए पनि लोकतान्त्रिक नयाँ युगमा हामी प्रवेश गर्यौं, त्यसैले अब त्यो सम्भव हुँदैन । त्यसैले अबको नयाँ शक्तिले यो अन्तरविरोधलाई पनि हल गर्नुपर्छ । जातीय, क्षेत्रीय, लैंगिक जुन विभेद छ त्यसलाई अन्त्य गरेर नेपाललाई एकतावद्ध गर्ने, आन्तरिक रूपमा बलियो बनाउने कार्यभार पनि नयाँ शक्तिले बहन गर्नुपर्छ ।

तेस्रो अन्तरविरोध भनेको चाहिँ नेपालको भू–राजनीतिक अवस्थितिले गर्दा निर्माण गरेको अन्तरविरोध, बाह्य अन्तरविरोध हो । त्यो भनेको नेपालको दक्षिण, पूर्व र पश्चिममा महादेशीय आकारको देश भारत छ, जोसँग हाम्रो खुला सीमाना छ, त्योसँगको दुई सय वर्षदेखिको जुन असमान सम्बन्ध छ त्यसलाई हल गर्ने कुरा र उत्तरपट्टि पनि उही महादेशीय आकारको देश चीन छ, यो दुई

वटा देशको बीचको सम्बन्धलाई सन्तुलित राख्ने कुरा पनि हामीले ठीक ढंगले हल नगरिकन नयाँ नेपाल निर्माण गर्न र नयाँ शक्तिको निर्माण गर्न हामी सक्दैनौं । त्यसैले भारतसँग दुई सय वर्षदेखिको जुन असमान सम्बन्धको शृङ्खला छ त्यसलाई हल गरेर हामीले स्वतन्त्र र स्वाधीन हुनु पनि छ र साथसाथै हामीले आर्थिक विकास र समृद्धि तथा आन्तरिक शान्तिको निम्ति उसलाई एक ढंगले कुटनीतिक ढंगले सन्तुलनमा राख्नुपर्ने पनि आवश्यकता छ भने अर्कोपट्टि चीन एउटा ठूलो शक्तिको रूपमा आइराखेको छ त्योसँग पनि उचित सम्बन्ध बनाएर उसको विकासबाट पनि उचित लाभ लिएर नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै समृद्धिको दिशातिर लिएर जाने सन्तुलित परराष्ट्र नीति कायम गर्ने र भू-राजनीतिक जटीलताको समस्या समाधान गर्ने तेस्रो महत्वपूर्ण अन्तरविरोध हामीबीचमा छ । त्यसैले नयाँ शक्तिले भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित ढंगले कायम राख्ने, भारतसँगको असमान सम्बन्धको शृङ्खलालाई अत्यन्त चातुर्यपूर्ण र कुटनीतिक ढंगले हल गरेर नेपालको स्वाधीनता बचाउने र चीनसँग पनि सन्तुलित सम्बन्ध राखेर दुईवटै देशको आर्थिक विकासबाट लाभ लिने ढंगले जानु आवश्यक हुन्छ । यसैको निम्ति नयाँ शक्तिले सही नीति लिन सक्नुपर्छ ।

विगतमा हाम्रो राष्ट्रियतासम्बन्धी बुझाइ भावनात्मक ढंगको बढी छ । बस्तुवादी भन्दा पनि शासकहरूले आफ्नो फाइदाको निम्ति बाहिर चर्को राष्ट्रियताका कुरा गर्ने तर भित्री रूपमा चाहिँ बाह्य शक्तिसँग झुकेर तिनको चाकडी र दलाली गरेर जनतामाथि दमन गर्ने र आफ्नो सत्ता टिकाउने । सुगौली-सन्धीदेखि यताको नेपालको शासक वर्गको अत्यन्त ढोंगी प्रकारको 'राष्ट्रियता' छ । मुखले बाहिर चाहिँ अन्धराष्ट्रवादका कुरा गर्ने र भित्र चाहिँ त्यही शक्तिको मुख्यतः दिल्ली दरबारको आशिर्वाद लिएर सत्तामा बस्ने, सुगौली-सन्धीदेखि यताका सबै शासक वर्गको शृङ्खला यही हो । अहिले पनि नेपालको

नयाँ शासक जो भर्खरै सत्तामा छन्, उनले बाहिर ठूलो हो–हल्ला त गरेका छन् हामी ठूला राष्ट्रवादी हौं भनेर, तर भित्री रूपमा चाहिँ उनीहरूको दिल्ली दरबारसँग सम्झौता भइराखेको छ । किनकि उनीहरूलाई थाहा छ, अहिले नेपालको जुन आर्थिक परनिर्भरता छ भारतसँग जो उसले पटकपटक नाकाबन्दी गरेर देखाइराखेको छ, २०२७/०२८ सालमा पनि पारबहन सन्धीको उसले उल्लंघन गरेर नाकाबन्दी गरेको थियो, २०४५/०४६ सालमा पनि उसले त्यसरी नै नाकाबन्दी गऱ्यो र अहिले फेरि गरिराखेको छ । किनभने सुगौली–सन्धीदेखि यता जुन असमान सम्बन्धमा हामी बाँधिएका छौं, सबै आर्थिक कुराहरूमा हामी भारतसँग परनिर्भर छौं, उसलाई अलिकति रिस उठ्यो, अलिकति चित्त बुझेन कि उसले हाम्रो पाखुरा मर्काउने काम गर्छ । त्यसैले यसबाट कसरी मुक्ति पाउने, त्यसको उपाय खोज्नुपर्यो । तर हाम्रा शासकहरूले पटक–पटक के गर्छन् भने बाहिर चाहिँ चर्का चर्का कुरा गरेर जनताको ध्यान अन्यत्र मोडिदिने र आफूलाई भयंकर राष्ट्रवादी देखाउने तर भित्री रूपमा त उनीहरूलाई थाहा छ उसको चाकडी र दलाली नगरेसम्म त उसले तेल पनि पठाउँदैन र नुन पनि खान नपाइने हुन्छ । त्यसको निम्ति फेरि भित्रभित्र दलाली गर्ने र आफ्नो सत्ता टिकाइदिने शर्तमा के–के बलि चढाउनुपर्छ, के–के भेटी चढाउनुपर्छ भित्रभित्रै चढाउने विगतदेखि पटक–पटक हुँदै आएको छ । उदाहरणको निम्ति, राजा महेन्द्र पछिल्लो चरणमा सबभन्दा 'राष्ट्रवादी' भनेर चिनिएका तर राजा महेन्द्रकै पालामा सन् १९५६ मा जुन १९५० को सन्धीको आदान–प्रदान गरिएको पत्र छ त्यो सबभन्दा खतरनाक छ । पछि १९६२ मा जुन भारत र चीनको लडाइँ भयो त्यतिबेला भारतलाई आफ्नो सेना राख्नको निम्ति कालापानी भित्री रूपमा उनले दिए, त्यहीँभित्रका मान्छेहरूले हामीलाई बताए कि राजा महेन्द्रले भारतलाई दिएकै हो कालापानी । २०१७ सालमा उनले सत्ता हत्याए । त्यो बचाउनको

निम्ति कालापानी उनले भारतलाई दिएर सन् १९६२ मा भारत र चीनको लडाइँको बेलामा भारतलाई खुशी पारे । सन् १९६५ मा गएर हातहतियारसम्बन्धी अर्को असमान सम्झौता, भारतसँग मात्रै ल्याउने अरूसँग नल्याउने भन्ने सम्झौता राजा महेन्द्रले नै गरेका थिए । यसरी बाहिर चर्का चर्का राष्ट्रवादका कुरा गर्ने तर भित्री रूपमा चाहिँ दिल्ली दरबारलाई रिझाउने सुगौली-सन्धीदेखि पछिल्लो चरणमा सबभन्दा राष्ट्रवादी भनिएका राजा महेन्द्रसम्मले गरे भने अब अहिले सत्तामा पुगेका महानुभावहरूले पनि त्यही गरिरहनुभएको छ । किनकि म त प्रधानमन्त्रीसम्म भइसकेको हुनाले नालिबेली बुझ्ने ठाउँमा छु, मेरा आँखाले त देखिहाल्छ । त्यसैले उहाँहरूले के-के भेटी चढाउनुहुन्छ, तपाईं-हामीलाई उहाँहरूले अत्यन्त राष्ट्रवादी कुरा गरिराख्नुभएको भन्ने त लागेको छ, तर भित्री रूपमा के-के भेटी चढाएर आफ्नो सत्ता, कुर्सी टिकाउनुहुन्छ त्यो चाहिँ हामीले हेर्न बाँकी नै छ । ठगिने नेपाली जनता र नेपाल राष्ट्र नै हुन्छ । त्यसैले यस्तो प्रकारको पाखण्डी, ढोंगी राष्ट्रियताको पक्षमा लाग्ने कि हामी साँच्चै नै नेपाललाई स्वाधीन, समृद्ध बनाएर नेपालको सच्चा राष्ट्रियताको जगेर्ना गर्ने ? भन्ने प्रश्न छ ।

त्यसै सन्दर्भमा हामीले केही समय पहिले प्रगतिशील राष्ट्रवादको अवधारणा अगाडि सारेका थियौं । त्यो भनेको के हो भने पहिले त हाम्रा सम्पूर्ण जाति, भाषा, क्षेत्र, लिंगका समुदायहरूलाई एकतावद्ध गरेर आन्तरिक राष्ट्रियता बलियो पार्ने । खासगरी तराई-मधेशको जुन अत्यन्त संवेदनशील भू-भाग छ र त्यहाँ खुला सीमानाको कारणले गर्दा र हाम्रा त्यहाँका जनता पनि जातीय, भाषिक रूपमा मैदानी आर्यकै अंग भएको र थारूहरू पनि अष्ट्रो-द्रबिड मूलकै भएको हुनाले भारतीय उपमहाद्विपमा भएका अधिकांश जनसंख्यासँग उनीहरूको संस्कार र संस्कृति जुन मिल्दोजुल्दो छ त्यसले गर्दाखेरि भारतले सजिलै तिनीहरूलाई भड्काइदिने खतरा पनि रहन्छ ।

त्यसैले त्योभन्दा पहिले हामी आफैंले मधेशी र थारू दाजुभाइ, दिदीबहिनीहरूलाई हामीले नेपाली मूलप्रवाहमा ल्याउनुपर्छ । उनीहरूमाथि हेला गरेर होइन उनीहरूलाई समान हैसियत दिएर, सम्मान दिएर नेपालसँग जोड्ने काम हामीले गर्नुपर्छ । त्यसरी आन्तरिक राष्ट्रियतालाई बलियो पार्नुपर्छ भन्ने हाम्रो मान्यता हो । त्यही सन्दर्भमा अहिले तराई–मधेशको जुन समस्या छ त्यो आन्तरिक नै समस्या थियो । थारूहरूको आफ्नो 'क्लस्टर' मिलाएर प्रदेश बनाउने भन्ने जुन कुरा भएको थियो त्यो नबन्दाखेरि थारूहरूको आन्दोलन भएको हो । त्यसैबाट नै सल्कँदै गएर मधेशसम्म पुग्यो । त्यसैले ती जनतालाई हामीले उनका समस्या हल गरेर एकतामा बाँध्नको निम्ति प्रयत्न गर्नुपर्दथ्यो त्यहाँ अलिकति ढिला गर्दाखेरि त्यसमा भारतले खेलेर ऊ चाहिँ बडो मधेशी र थारूहरूको पक्षमा र हामी पहाडमा बस्ने नेपालीहरू चाहिँ मधेशी र थारूहरूको विपक्षमा भनेजस्तो जुन स्थिति बन्न पुग्यो, हामीले त्यस्तो गर्नुहुँदैन । त्यसैले हामीले पहिले सबै राष्ट्रियतालाई, सबै जातीय समुदायहरूलाई जोड्नुपर्छ र दोस्रो कुरा भारतसँगको जुन परनिर्भरता छ त्यसको अन्त्य गर्न तीब्र ढंगले आर्थिक विकास र समृद्धिको बाटोमा जानुपर्छ । उदाहरणको निम्ति अहिले पेट्रोलियम पदार्थमा शत प्रतिशत हामी भारतसँग निर्भर छौं । यसको विकल्प हामीले खोज्न सक्नु पर्दथ्यो । त्यो विकल्प के हुन सक्थ्यो भने हाम्रा तुलनात्मक लाभका जुन विषयहरू छन् त्यसमध्ये हामीले यस्तो बस्तु उत्पादन गर्नुपर्यो र भारतले आयात गर्नुपर्यो जसमा चाहिँ भारत पनि हामीमाथि निर्भर होस्, त्यो भनेको जलस्रोत हो, जलविद्युत हो । हामीसँग ८० हजार मेगावाट विजुली उत्पादनको सम्भावना भनिएको छ त्यसमा पनि ४० हजार मात्रै उत्पादन गरियो भने पनि १५/२० हजार मेगावाट हामीले आन्तरिक रूपमा खपत गर्ने र १५/२० हजार मेगावाट मात्रै भारततिर निर्यात गर्न पाएको भए, उसले नाकाबन्दी लगाउनुभन्दा पहिले ऊ

सोच्न बाध्य हुन्थ्यो । किनकि हामीले पनि बिजुलीको नाकाबन्दी लगाइदिन्थ्यौं र विहार र युपीजस्तो अत्यन्त घना बस्ती भएको क्षेत्रमा अन्धकार हुन थालेपछि, जसरी मधेशमा अहिले आन्दोलन भएको छ, त्यस्तो आन्दोलन विहार र युपीमा हुन्थ्यो र सन्तुलनमा आउँथ्यो । त्यसैले हामी साँच्चै नै स्वाधीन बन्ने हो भने अन्तरनिर्भर अर्थतन्त्र हामीले बनाउनुपर्छ । मैले अन्तरनिर्भर किन भनेको भने पूर्ण रूपमा आत्मनिर्भर अहिलेको दुनियाँमा सम्भव हुँदैन । त्यसैले हामीले हाम्रा तुलनात्मक लाभका क्षेत्रमा बढी लगानी गरेर भारततिर बस्तु निर्यात गर्ने ता कि भारत पनि हाम्रो बस्तु आयातमा निर्भर हुन पुगोस् । त्यसो भएपछि उसले एकपक्षीय रूपमा हामीलाई यसरी नाकाबन्दी लगाउन सक्दैन । यस्तो प्रकारको नीति हामीले लिन सक्नुपर्छ । यसैलाई नै हामीले प्रगतिशील राष्ट्रवाद भनेका हौं । अर्थात् आन्तरिक रूपमा हाम्रा सबै जाति मधेशी, पहाडी, जनजातिलाई एकतावद्ध पार्ने र कसैलाई खेल्ने ठाउँ नदिने र आर्थिक रूपमा हाम्रो अर्थतन्त्रलाई भारतसँग र अरू देशसँग अन्तरनिर्भर बनाउने हुन सक्यो भने बल्ल नेपालको राष्ट्रिय स्वाधीनता बच्छ र यसैलाई हामीले प्रगतिशील राष्ट्रवाद भनेका हौं ।

त्यसैले यी तीनवटा कुराहरूः पहिलो, अगाडि बढेको राजनीतिक सम्बन्ध र पछाडि परेको आर्थिक सम्बन्ध हल गर्न आर्थिक विकास र समृद्धिको योजनालाई कार्यान्वयन गर्ने, दोस्रो, जुन आन्तरिक रूपमा हाम्रा विविध राष्ट्रियताहरू छन्, मूलतः तीनवटा जुन क्लस्टरहरू छन् तिनको बीचको एकता कायम गरेर नेपाललाई समृद्ध र बलियो पार्ने र तेस्रो चाहिँ भारत र चीनबीचको जुन हाम्रो भू-राजनीतिक अवस्थिति छ त्यसको सन्तुलन मिलाएर प्रगतिशील राष्ट्रवादको तरिकाले नेपालको स्वाधीनता कायम गर्नको निम्ति हामीलाई नयाँ शक्तिको आवश्यकता पर्छ । जुन पुराना शक्तिहरू छन् उनीहरूमा यो अवधारणा छैन । त्यसैले हामीले नयाँ शक्ति निर्माण गरौं भन्ने

अभियान चलाउन खोजेका छौं । अब कसरी जाने, यसका नीति–कार्यक्रमहरूबारे हामी क्रमशः छलफल गर्दै जान्छौं ।

## *वैचारिक आधार*

धेरैलाई जिज्ञासा छ, यसको वैचारिक आधार के हुन्छ ? मेरो आग्रह के छ भने यो विषयमा पनि हामी खुला हुनुपर्छ । विचार भनेको विकासको नियम हो । विश्व ब्रह्माण्ड र समाजको गति र विकासको एउटा नियम छ त्यो मूल नियमलाई हामीले पकड्ने हो । त्यो भनेको द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद हो । त्यो नै मानवजातिले आविष्कार गरेको सबभन्दा उन्नत विचार शृत्त्ला हो । जसलाई हामीले मार्क्सवाद भन्ने गर्छौं त्यो नै हाम्रो बन्ने नयाँ शक्तिको मुख्य आधारशीला हुन्छ र हुनुपर्छ । त्यो भन्दा पछि लेनिन, माओ, स्टालिन, चे ग्वेभारा र हो–ची मिन्ह लगायतले त्यसमा सुधार गर्नुभयो, परिवर्तन गर्नुभयो, विकास गर्नुभयो र भेनेजुएला लगायत अरू देशमा पनि अहिले जुन नयाँ–नयाँ प्रयोग भइराखेको छ यी सबैबाट हामीले सिक्नुपर्छ । तर यो द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद र मार्क्सवादलाई अहिलेको २१औं शताब्दीको आवश्यकता अनुसार विकसित र परिमार्जन गर्ने र नेपालको विशिष्ट जुन अवस्था हो, तत्काल सामन्तवादबाट भर्खरै पूँजीवादमा गएको जुन अवस्था हो र पूँजीवादी उत्पादक शक्तिको अधिकतम विकास गरेर समाजवादको दिशामा जाने गरी कार्यक्रम तय गर्ने प्रकारको मार्क्सवादको विकास हामीले गर्नुछ । यसलाई नाम के दिने भन्ने विषयमा पहिले नै हामीले टाउको दुखाउनु भएन । हाम्रो कम्युनिष्ट आन्दोलनको रोग नै के भयो भने त्यसको गुदी र सारतिर जानुभन्दा पनि रूप र नामबाट सुरू गर्ने । फलानो नाम, फलानो वाद हाम्रो भए कि भएनन् भनेर वाद चाहिँ भट्याउने तर वाद भट्याएर के हुन्छ ? बरू त्यसको सार के हो भन्ने बुझ्नु पर्यो । हामी बाहुन परिवारबाट

आएकाहरूलाई ७/८ वर्षमा नै गुरूले गायत्री मन्त्र सुनाइदिनुहुन्थ्यो । गुरूले कानमा फुकिदिने, राम्रोसँग नबुझे पनि त्यो संस्कृतको श्लोक त्यसैलाई हामीले विहान–बेलुका ३ चोटि भट्याउँथ्यौं । कहिल्यै थाहा भएन त्यसको अर्थ । धेरैपछि मात्रै मैले थाहा पाएँ त्यो भनेको त सूर्यको आराधना पो रहेछ । त्यत्ति भनिदिएको भए त बुझिन्थ्यो नि । २०औं वर्ष भट्याइयो, कहिल्यै थाहा भएन । हाम्रो मार्क्सवाद पनि, हाम्रो माओवाद पनि भट्याउने चाहिँ भयो तर त्यसको सार र गुदी चाहिँ मान्छेले बुझेनन् । त्यसैले त्यस्तो नबुझी भट्याउने मात्रै गर्नु हुँदैन । मुख्य कुरा त्यसको सारतत्व, मार्क्सवादको सारतत्व द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद हो । त्यसलाई दह्रोसँग पकड्ने र २१औं शताब्दीको आवश्यकताअनुसार त्यसलाई विकास गर्ने र नेपालको ठोस सन्दर्भमा लागू गर्ने । त्यसैको आधारमा नै नयाँ शक्तिको निर्माण गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ । यसमा सबैसँग छलफल गरेर नै हामी अगाडि बढ्नेछौं । अहिले धेरैले मार्क्सवाद छोड्यो आदि भन्ने गरेका छन् तर उहाँहरूको 'माओवाद'को नाउँमा कमल थापासँग घाँटी जोड्ने नक्कली 'माओवाद' भन्दा त हामीले सही र विकसित खालको मार्क्सवाद नेपालमा लागू गर्ने भन्नु नै वैज्ञानिक, सही र इमान्दारीपूर्ण कुरा हुन्छ । यसमा हामी कोही पनि डग्मगाउनुपर्ने आवश्यकता म देख्दिनँ ।

त्यसपछि नीति, कार्यक्रम र कार्यदिशाको प्रश्न छ । पहिलो चरणमा उत्पादक शक्ति र उत्पादन सम्बन्धको बीचमा, उपरीसंरचना, राजनीतिक सम्बन्ध र आर्थिक सम्बन्धको बीचमा जुन अन्तरविरोध छ त्यसलाई हल गर्ने गरी तीव्र आर्थिक विकास र समृद्धिको कार्यक्रम लिएर जाने नै हाम्रो तत्कालीन कार्यदिशा हुन्छ । त्यसको गन्तव्य चाहिँ समाजवादतिर जाने हुनुपर्छ । समाजवादमा नगएसम्म पूँजीवादले जुन असमानता ल्याउँछ त्यो असमानताले संसारमा दीगो शान्ति ल्याउन सक्दैन । त्यसैले समाजवादी ध्येय, समाजवादी

रणनीति अन्तरगत तत्काल पूँजीवादी उत्पादक शक्तिको विकास गर्ने नै हाम्रो मूल र तत्कालीन राजनीतिक कार्यदिशा हुन्छ । यसको निम्ति लोकतन्त्र हामीले भनेका छौं त्यो लोकतन्त्र हिजोको नयाँ जनवाद, जनताको जनवाद भन्नु भन्दा पनि हामीले अगाडि सारेको शब्द के छ भने - समावेशी, समानुपातिक र सहभागितामूलक लोकतन्त्र । यो नै नेपालको सन्दर्भमा नयाँ जनवाद अथवा जनताको जनवाद हो । त्यसैले यस्तो प्रकारको लोकतन्त्रको प्रणाली हामीले लिन्छौं । यसपछि महत्वपूर्ण कुरा हामीले आफ्नो आचरण र कार्यशैलीलाई नयाँ ढंगले विकास गर्नैपर्छ । किनकि पुरानो सामन्त पूँजीपतिहरूले भन्ने एउटा गर्ने अर्को गर्छन् । उनीहरूको संस्कार र संस्कृति त्यस्तो हुन्छ । आर्थिक रूपमा पनि उनीहरूको अत्यन्त अपारदर्शी ढंगले हर्कत गर्ने र राज्य र समाजको सम्पत्ति व्यक्तिगत हितको निम्ति भ्रष्टाचारजन्य तरिकाले ग्रहण गर्ने जुन प्रचलन छ त्यसलाई अन्त्य गर्नुपर्छ । हाम्रो नयाँ शक्ति यस अर्थमा नयाँ हुनुपर्यो कि हामी जनताको नजरमा पनि स्वच्छ देखिनुपऱ्यो, पारदर्शी देखिनुपर्‍र्यो, इमानदार देखिनुपर्‍र्यो, सदाचारी देखिनुपर्‍र्यो । हामी पनि भ्रष्टाचारी, लोभी, पापी, अर्कालाई ठग्ने खाने खालका भयौं भने त्यो नयाँ हुँदैन । झट्ट हेर्दाखेरि त सामान्य कुरा हो तर व्यवहारमा, जनताको नजरमा सबैभन्दा महत्वपूर्ण कुरा चाहिँ यही हो । हामी स्वच्छ र सदाचारी हुन्छौं कि हुँदैनौं ? भ्रष्टाचारबाट मुक्त हुन्छौं कि हुँदैनौं ? यो आचरणको पक्ष पनि हाम्रो नयाँ शक्तिको मुख्य आधार हुनुपर्छ । त्यसैले हाम्रो नीतिका पाँच वटा 'स' हामीले भनेका छौं । पहिलो - स्वाधीनता, दोस्रो - समावेशी समानुपातिक सहभागितामूलक लोकतन्त्र, तेस्रो - समतामूलक समृद्धि, चौथो - समाजवाद र पाँचौं - सुशासन र सदाचार । यसरी प्रारम्भिक रूपमा पाँचवटा 'स' भनेका छौं, यसमा छलफल गर्दै गएर अगाडि बढाउनेछौं ।

## *संगठनात्मक ढाँचा र निर्माण प्रक्रिया*

यही पाँच 'स' अनुरूपको संगठनात्मक ढाँचा पनि हामीले नयाँ ढंगले विकास गर्नुपर्छ । हिजो हामीले जनवादी केन्द्रीयता भनियो तर त्यसलाई प्रयोग गर्ने क्रममा त्यहाँ जनवाद कतै रहेन, खालि केन्द्रीयता मात्रै रह्यो, केन्द्रीयता पनि अत्यन्त एकल र व्यक्तिवादी खालको र एकमनावादी खालको केन्द्रीयता बन्यो । त्यसले नै हिजोका कम्युनिष्ट पार्टीहरूलाई अथवा विभिन्न नामधारी पार्टीहरूलाई अन्ततः भिन्न प्रकारको नोकरशाही संयन्त्र र निरंकुशतन्त्रमा लग्यो । त्यसैले हामीले यसबाट पनि पाठ सिक्नुपर्छ र त्यो हिजोकै जस्तो अत्यन्त केन्द्रिकृत नोकरशाही प्रकारको संगठनात्मक ढाँचा होइन, माथिबाट तल आएको ढाँचा होइन, नयाँ शक्तिको संगठनात्मक ढाँचा तलबाट माथि जाने ढाँचा हुनुपर्छ ताकि प्रत्येक कार्यकर्ता र जनताको नीति निर्माणमा सहभागिता होस्, नेतृत्वले र नेताले गल्ती गर्यो भने त्यसलाई निगरानीमा राख्ने र गल्ती गर्नेलाई कारवाही गर्ने हदसम्मको भूमिका तिनले निर्वाह गर्न सकुन् । त्यस्तो प्रकारको तलबाट माथिको ढाँचामा आधारित नयाँ संगठनात्मक ढाँचा हुनुपर्छ । किनकि हाम्रा पुराना पार्टीहरू अत्यन्त केन्द्रिकृत ढाँचामा छन्, अत्यन्त व्यक्तिवादी प्रकारका छन्, व्यक्तिमुखी छन् । अब नयाँ बन्ने शक्तिले त्यस्तो व्यक्तिमुखी खालको संगठनात्मक ढाँचा बनाउने होइन, विचार र नीतिमुखी र कार्यकर्ता र जनतामुखी ढाँचा बनाउने र जनता र कार्यकर्ताको प्रत्यक्ष सहभागिता र निगरानी र हस्तक्षेप रहने प्रकारको संगठनात्मक ढाँचा हामीले अपनाउनुपर्छ । त्यो विषयमा पनि पर्याप्त छलफल गरेर हामी अगाडि जानुपर्छ । यही विषयमा युरोपमा, ल्याटिन अमेरिकामा, भारतमा पनि नयाँ–नयाँ बहसहरू चलिराखेका छन् । हिजोका परम्परागत राजनीतिक शक्तिहरू भन्दा फरक प्रकारको वैकल्पिक राजनीतिक धार भनेर विश्वमा अहिले व्यापक ढंगले चर्चा र परिचर्चा भइरहेको छ ।

त्यसैले हामीले पनि हिजोका कांग्रेस, एमालेदेखि माओवादीसम्मको अत्यन्त केन्द्रिकृत व्यक्तिवादी खालका, नोकरशाही प्रकारका जुन ढाँचाहरू बने त्यसलाई उल्ट्याएर जनता र कार्यकर्ताको प्रत्यक्ष सहभागिता रहने सहभागितामूलक लोकतन्त्रको ढाँचामा आधारित नयाँ संगठनात्मक ढाँचा अपनाउनुपर्छ । त्यसको कार्यशैली चाहीँ सदाचारपूर्ण र पारदर्शी प्रकारको हामीले बनाउन सक्नुपर्छ । यिनै पक्षहरू हाम्रो नयाँ शक्तिका मुख्य संगठनात्मक आधार हुन्छन् ।

त्यसको निम्ति प्रक्रिया के त ? नयाँ शक्ति बनाउने हो भने प्रक्रिया पनि नयाँ हुनुपर्यो । हाम्रो प्रक्रिया चाहिँ पुरानै तर कुरामा चाहिँ नयाँ शक्ति भन्यौं भने त्यो नयाँ शक्ति बन्दैन । यसै सन्दर्भमा मैले किन पदत्याग गरें भन्ने चूरो कुरो यहाँनेर छ । धेरैलाई लाग्न सक्छ - किन पदत्याग गरेको होला, यही पार्टीमा रहेर हामी सबैलाई लिएर, ८/१० हजार मान्छे जम्मा पारेर समूह बनाएर गएको भए राम्रो हुन्थ्यो, हामी पनि सँगै हुन्थ्यौं । तर त्यो गरिएको भए त्यो एउटा गुट मात्रै हुन्थ्यो । पहिले नै माओवादी आन्दोलनमा किरण गुट, विप्लव गुट, मातृका गुट, मणि गुट भन्ने छ फेरि प्रचण्ड गुट, बाबुराम गुट भन्ने अर्को गुट बन्थ्यो र त्यसले कुनै नयाँपन दिँदैनथ्यो । हिजोको संगठन र आन्दोलनले एउटा चरणसम्म भूमिका खेलेकै हो, तपाईं-हामी पनि त्यसमा लागेकै हौं । हामी पानीमाथिको ओभानो बन्न मिल्दैन । धेरै दोष त जो मूल नेतृत्वमा छ उसले लिनुपर्छ तर सहायक दोष हामीले पनि लिनुपर्छ । हामी पनि त्यसका भागिदार छौं । त्यसैले हामीले कमी-कमजोरी सहित एउटा कार्यभार पूरा गर्यौं । त्यसैले हामीले कसैप्रति दूराग्रह नराखिकन अब नयाँ युगको नयाँ कार्यभार पूरा गर्न नयाँ शक्ति र नयाँ संगठनात्मक ढाँचामा नयाँ संगठन निर्माण गर्ने हो भने हामी पनि नयाँ हुनुपर्छ । त्यो नयाँ हुने भनेको हामीले हिजोका सम्बन्धहरूलाई तोडेर नयाँ आधारमा नयाँ सम्बन्ध विकास गर्ने ढंगले जानुपर्छ । मैले पुरानो संगठनसँग

सम्बन्ध विच्छेद गरेर बाहिर निस्कने र आफू नयाँ बन्ने साथै अरू विभिन्न पक्षहरू, हामीसँग विमति राख्ने पार्टीहरू, व्यक्तिहरू, संस्थाहरूसँग पनि अन्तरक्रिया गरेर त्यो सुरूवात गर्ने भनेर त्यो सुरूवातको रूपमा नै मैले पदत्याग गरेर बाहिर निस्किएको हुँ । त्यसैले सबै साथीहरूलाई पनि मेरो आग्रह छ - हामी सबैले हिजोका कुराहरूको पश्चाताप नगरौं, हिजो मूल रूपमा हामीले ठीकै गऱ्यौ । किनकि यति ठूलो युगान्तकारी काम त हाम्रो पालामा भयो । संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याउने, संविधानसभाबाट संविधान बनाउने मुख्य लाइन त हाम्रै हो । त्यसैले मूल रूपमा हामी त्यसमा सफल नै छौं । तर अब नयाँ युगमा जानको निम्ति त्यतिले पुग्दैन । त्यसैले नयाँ युगको नयाँ यात्रा गर्न एउटा क्रमभंग र छलाङको माग हुन्छ । तपाईं-हामीले पटक-पटक द्वन्दवादको नियमका कुरा गरेका छौं र विकास भनेको सर्पको गतिमा घस्रिएर होइन भ्यागुताको गतिमा उफ्रिएर हुन्छ, जुन हामीले भन्ने गरेका छौं । त्यसैले अब नयाँ शक्ति निर्माण गर्दा घस्रिएर, क्रमिक सुधार गरेर होइन कि त्यो पुरानोसँग सम्बन्धित विषयमा क्रमभंग गरेर नयाँ ढंगले नयाँ निर्माण गर्नुपर्छ । यही सोंचका साथ नै मैले यो पहल गरेको हुँ । सबै साथीहरूसँग मेरो आग्रह के हो भने हामीले पहिले आन्तरिक रूपमा बहस र छलफल चलाऔं, जो साथीहरू पुरानो पार्टीभित्र हुनुहुन्छ त्यहाँ पनि व्यापक ढंगले माथिदेखि केन्द्रमा, प्रदेशमा, जिल्लामा, निर्वाचन क्षेत्रमा, गाउँमा, वडामा, तलैसम्म नयाँ शक्तिको आवश्यकता किन र कसरी भन्ने विषयमा अभियानात्मक ढंगले बहस चलाऔं । त्योसँगै राम्रा मान्छेहरू त बाहिर पनि छन् । कांग्रेसभित्र, एमालेभित्र, पुरानो माओवादीका विभिन्न घटकहरूभित्र, कुनै पनि पार्टीमा नभएका स्वतन्त्र व्यक्तिहरू, नागरिक समाजसँग अन्तरक्रिया गरेर राम्रा र असल मान्छेहरूसँग एकाकार हुने ढंगले हामीले अभियान चलाउनुपर्छ । केही समय, केही महिना त्यो ढंगको

अभियानबाट गुज्रिसकेपछि अनि भित्र र बाहिरका शक्तिहरू जोडेर नयाँ ढंगले नयाँ शक्ति हामीले अगाडि ल्याउनुपर्छ । यो प्रक्रिया नै नयाँ प्रक्रिया हुन्छ । यसले मात्रै नयाँ शक्ति सिर्जना गर्न सक्छ भन्ने सोंचका साथ यो पहल गरिएको हो ।

अब हामी ऐतिहासिक नयाँ युगमा प्रवेश गरेका छौं । त्यसको निम्ति ऐतिहासिक कदम अब हामीले चाल्नैपर्छ । त्यसको सुरूवात भएको छ । सबै साथीहरूलाई म आग्रह गर्न चाहन्छु, हामीले हिजोकै मानसिकता, हिजोकै सोंच, हिजोकै आग्रह-पूर्वाग्रह लिएर नयाँ बनिंदैन, त्यसैले सबभन्दा पहिले हामी नयाँ बनौं र त्यसपछि नयाँ बनाउने प्रयत्न गरौं । त्यसको निम्ति हाम्रो सोंच ।

***देशको वर्तमान परिस्थितिबारे पोखरामा ०७२ असोज २८ गते सम्वाद नेपालद्वारा आयोजित विचार गोष्ठीमा व्यक्त विचार ।***

# मैले किन पार्टी परित्याग गरें ?

२०७२ असोज ३ गते नेपाली जनताले झण्डै ७० वर्षदेखि देखेको सपना पूरा भएको छ । जनताले चुनेको संविधानसभामार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेको छ । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक लोकतन्त्र संस्थागत भएको छ । यो हामी सबैको निम्ति अत्यन्त खुशीको क्षण हो । र, तपाईं–हाम्रो पुस्ताको निम्ति गत २०६५ जेठ १५ गते गणतन्त्र घोषणा भएको दिन एउटा ऐतिहासिक अविष्मरणीय दिन थियो भने दोस्रो यो असोज ३ गते संविधानसभामार्फत संविधान घोषणा भएको दिन अविष्मरणीय दिन हो ।

यस सन्दर्भमा मलाई विशेष गर्व र खुशीको अनुभुति भएको कुरा आदरणिय जनसमुदायसँग  साट्न चाहन्छु । किनकि हामीभन्दा अघिल्लो पुस्ताले २००७ सालदेखि संविधानसभाको कुरा उठायो । २०१४ सालमा राजा महेन्द्रले त्यसलाई अपहरण गरे । हाम्रो युगका एक महान् नेता विपी कोइरालाले समेत त्यसलाई थेग्न सक्नुभएन । २०१७ सालमा नेपाल कम्युनिष्ट पार्टीले तत्कालीन दरभंगा प्लेनममा संविधानसभाको नारा उठायो तर त्यसलाई फेरि अगाडि बढाउन

सकेन । नेपाली कम्युनिष्ट आन्दोलनमा केशरजंग रायमाझीहरू पैदा भए र अन्ध राष्ट्रवादको नाउँमा दरबारको सेवामा गए र संविधानसभालाई उनीहरूले तुहाइदिए । त्यो गर्भमा लुकेको संविधानसभालाई २०४६ सालको आन्दोलनको क्रममा हामीले उठायौं । त्यतिबेला संयुक्त राष्ट्रिय जनआन्दोलनको रूपमा हामी सानो शक्ति थियौं, संविधानसभाको कुरा उठायौं । संयुक्त राष्ट्रिय जनआन्दोलनको प्रवक्ता र संयोजकको हैसियतले मैले १०-सुत्रीय माग प्रस्तुत गरेर संविधानसभाबाट संविधान बन्नुपर्छ भन्ने माग राखेको थिएँ । तर दुःखसाथ भन्नुपर्छ त्यतिबेला हाम्रै मोर्चाको एउटा घटक तत्कालीन मोटो मशाल जसको महासचिव (हाल एकीकृत नेकपा माओवादीका अध्यक्ष) क प्रचण्डले त्यसको घोषित रूपमै विरोध गर्नुभयो । उहाँले लेख नै लेखेर यो संशोधनवादी नारा हो भन्नुभयो र त्यही कारणले गर्दा त्यतिबेलाको हाम्रो संयुक्त राष्ट्रिय जनआन्दोलन विघटन समेत हुन पुग्यो र संविधानसभा पार्टीको आधिकारिक धारणा बन्न सकेन ।

फेरि पनि हामीले त्यसलाई निरन्तर उठाइराख्यौं र २०५२ साल फागुन १ गते महान् जनयुद्ध सुरू हुँदा मैले तत्कालीन संयुक्त जनमोर्चाको अध्यक्षको हैसियतले तत्कालिन सरकारलाई ४०-सुत्रीय माग प्रस्तुत गरेको थिए । उक्त मागपत्र तयार गर्दा १०-औं बुँदामा संविधानसभा नभनिकन, नेपाली जनताका चुनिएका प्रतिनिधिमार्फत जनगणतन्त्रात्मक संविधान बनाउनुपर्छ भन्ने कुरा घुमाउरो भाषामा लेखियो । किनकि पार्टीमा कमरेड प्रचण्डहरूले संविधानसभा भन्ने शब्द रूचाउनुहुन्नथ्यो, त्यसैले घुमाएर जनताका चुनिएका प्रतिनिधिमार्फत संविधान बनाउने भन्ने शब्द त्यहाँ राखेको थिएँ ।

जनयुद्ध अगाडि बढ्दै गएपछि पाटीभित्र बहस चल्दै गयो र २०५७ सालमा भएको दोश्रो राष्ट्रिय सम्मेलनबाट बल्ल तत्कालीन माओवादी

पार्टीको आधिकारिक दस्तावेजमा संविधानसभा राख्न हामी सफल भयौं । २०६० सालमा म दोस्रो वार्ताको नेतृत्व गरेर आउने क्रममा पहिलो पटक संविधानसभा के हो, यसले कस्तो संविधान बनाउँछ, संविधानका अन्तरबस्तु के हुन्छन् भन्ने कुरा हामीले जनताबीच खुला ढंगले राख्यौं । त्यो अहिले पनि अभिलेखमा सुरक्षित छ । त्यही क्रममा अगाडि बढेर मैले लोकतान्त्रिक गणतन्त्रलाई तत्कालीन माग बनाउनुपर्छ भन्ने कुरा पाटीभित्र राखें र पाटीभित्र फेरि त्यसलाई संशोधनवादी, सुधारवादी भन्ने ठहर गरियो । २०६० साल पुसमा मैले कान्तिपुर दैनिकमा संविधानसभामार्फत नयाँ संविधान निर्माण गरि लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नुपर्ने आसयको लेख लेखेवापत नै त्यही सालको माघमा कमरेड प्रचण्डलगायतले मलाई कारवाही गर्नुभयो । त्यसको दुई दिनपछि २०६० माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले 'कू' गरेर सम्पूर्ण सत्ता हातमा लिए ।

त्यसलगत्तै फेरि पार्टीमा मैले अगाडि सारेको लोकतान्त्रिक गणतन्त्रको नारा नै सही रहेछ भन्ने बोध भयो र त्यसलाई पार्टीले ग्रहण गरेर पार्टीको चर्चित चुनवाङ बैठकले लोकतान्त्रिक गणतन्त्रको नारा स्वीकार गऱ्यो । त्यसैको आधारमा हामीले २०६२ साल मंसिर ७ गते काँग्रेस, एमाले लगायत सात राजनीतिक दलसँग १२-बुँदे समझदारी गऱ्यौं । सात दल र माओवादीको तर्फबाट संविधानसभाको नारा स्वीकार गरियो । २०१४ सालपछि पहिलो चोटि नेपाली इतिहासमा यो नारा नेपालका राजनीतिक दलहरूले स्वीकार गरे । त्यसैमा आधारित भएर २०६२-०६३ को जनआन्दोलन भयो । उक्त जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई घुडा टेकायो । २०६३ साल मंसिर ५ गते भएको बृहत् शान्ति सम्झौतामा हामीले विधिवत् रूपमा संविधानसभालाई संस्थागत गऱ्यौं ।

त्यही आधारमा नै अन्तरिम संविधान बन्यो र अन्तरिम संविधानमा

संविधानसभाको कुरा उल्लेख भयो । पहिलो संविधानसभाको निर्वाचनबाट चुनिएका जनप्रतिनीधिहरूको पहिलो बैठकले २०६५ जेष्ठ १५ गते नेपाललाई संघिय लोकतान्त्रीक गणतन्त्र घोषणा गर्‍यो । अहिले संविधानसभाको दोस्रो निर्वाचनपछि बनेको संविधानसभाले नयाँ संविधान घोषणा गर्‍यो । मलाई खुशी के लाग्छ भने १२–बुँदे समझदारीदेखि बृहत् शान्ति सम्झौता, अन्तरिम संविधान हुँदै र यो संविधानको पनि अन्तिम परिमार्जित मस्यौदा तयार गर्ने कामसम्ममा मलाई इतिहासले जिम्मेवारी दियो । संविधानसभाबाट निर्माण भएको संविधानको मलाई एक मस्यौदाकार बन्न पाएकोमा अत्यन्त गर्वको महशुश हुन्छ ।

यो संविधान बनाउने क्रममा पछिल्लो चोटि मेरै सभापतित्वमा संवैधानिक–राजनीतिक संवाद तथा सहमति समिति थियो र त्यस अन्तरगत बनेको विशेष समिति जसमा म सभापति, माननीय सुशील कोइराला, माननीय केपी शर्मा ओली, माननीय पुष्पकमल दाहाल 'प्रचण्ड', माननीय विजयकुमार गच्छदार सदस्य हुनुहुन्थ्यो र त्यही पाँच जनाको विशेष समितिले नै अन्ततः संविधानका सबै विषयहरू टुंग्याएर गत श्रावण २३ गते मध्यरातमा संविधानको परिमार्जित मस्यौदा बनायो । त्यो संविधानसभामा पेश भइसकेपछि थप परिमार्जन गर्नको निम्ति त्यही विशेष समिति र मस्यौदा समितिका सभापति कृष्ण सिटौलासहित ६ जनाको समिति फेरि बन्यो । त्यसले नै भदौ १९ गते परिमार्जित मस्यौदामा संशोधनसहित संविधानसभामा प्रस्तुत गर्‍यो । त्यो नै संविधानसभाको अन्तिम काम थियो । त्यसपछिका बाँकी काम, ताली पिटेर, हात उठाएर हुन्छ र हुन्न भनेर पूरा गर्ने प्रक्रिया मात्रै थिए । भदौ १९ गते जुन संशोधनसहितको विधेयक संविधानसभामा प्रस्तुत गरियो, त्यो नै अन्तिम महत्वपूर्ण राजनीतिक काम थियो । त्यसपछिका जुन १५,१६ दिनहरू हुन् ती औपचारिकता मात्रै थिए । त्यस क्रममा नै हामीले केही पक्षहरू खासगरी मधेशी,

जनजाति र मुख्यतः थारूहरू जो असन्तुष्ट थिए उनीहरूलाई वार्तामा ल्याएर त्यो १०,१५ दिनभित्र सहमति बनाऔं भन्ने प्रयत्न गऱ्यौं तर कतिपय नेताहरूले मान्नुभएन । त्यो प्रक्रियामा सहयोग पुऱ्याउने विजयकुमार गच्छदार जस्ता नेताहरू आँशु काढ्दै संविधानसभाबाट बाहिर रहनुपर्ने स्थिति बन्यो । संविधान जारी हुने दिन असोज ३ गते तराई-मधेश र थारूवान लगायत देशका थुप्रै ठाउँमा कर्फ्यु लागेकाले जनताले घरमा बत्ति समेत बाल्न नपाएको अवस्था रह्यो । त्यस्तो अवस्थामा संविधान जारी गरियो र यस्तो खुशीको ऐतिहासिक क्षणमा पनि हामी सबै नेपाली खुशी हुन सकेनौं । आधा नेपालले दिपावली मनायो, आधा नेपाल अन्धकारमा नै रह्यो । त्यसले मलाई दाँतमा ढुंगो लागेको जस्तो भएकै हो । त्यस्तो खुशीको क्षण सबै नेपालीले मनाउन नपाउनु दुःखद् प्रसंग रह्यो । फेरि पनि जुन संविधान बन्यो त्यो हामी सबैको निम्ति अत्यन्त खुशीको कुरा हो ।

नयाँ संविधानमा धेरै राम्रा र प्रगतिशील कुराहरू छन् । मुख्य रूपमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक लोकतन्त्र संस्थागत हुनु अत्यन्त ऐतिहासिक कुरा हो । तैपनि केही कुरा भने यो संविधानमा छुट्न पुगेका छन् । खासगरी थारू बाहुल्य क्षेत्रमा उनीहरूको आफ्नै बाहुल्य प्रदेशको जुन माग थियो त्यो पूरा गर्न नसक्नु हाम्रो अत्यन्त ठूलो कमजोरी रहेको छ । त्यसरी नै कतिपय जाति, जनजाति र मधेशका केही भागहरूलाई समेटेर प्रदेश निर्माण गर्न नसक्नुमा त्रुटी रहेको छ । समानुपातिकको जुन कुरा पहिले स्वीकार गरिएको थियो र पछि हटेको छ, त्यहाँ कमजोरी हुन पुगेको छ । महिला र दलितका केही मागहरू त्यहाँ छुट्न गएका छन् । मुख्य रूपमा अत्यन्त कम विमर्श भएको विषय चाहिँ शासकीय प्रणाली हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्छ भन्ने ९० प्रतिशतभन्दा बढी जनताबाट सुझाव आएको थियो त्यसलाई नयाँ संविधानमा समाविष्ट गर्न नसक्नु ठूलो कमजोरी बन्न गएको छ ।

त्यसैले यो नयाँ संविधानपछि पनि नेपालमा उही पुरानै प्रकारको संसदीय व्यवस्थाकै सरकार बनाउने र गिराउने खेल हावि रहने र त्यसले देशमा राजनीतिक स्थायीत्व नदिने हुन्छ कि भन्ने आशंका छ । त्यसै भएको हुनाले यी मतभिन्नता सहित नै यो संविधानलाई हामीले स्वीकार गरेका छौं । फेरि पनि संविधान जारी हुनु आफैंमा अत्यन्त खुशीको कुरा हो । तर यस सन्दर्भमा संविधान बन्नु मात्रै मुख्य कुरा होइन कार्यान्वयन मुख्य कुरा हो । त्यसैले कार्यान्वयनका चुनौति बाँकी छन् । तराई–मधेश, लगायत देशको आधा हिस्सा अहिले पनि आन्दोलित छ । उनीहरूसँग वार्ता गरेर सहमतिमा ल्याई संविधान कार्यान्वयन गर्न सक्यौं भने मात्र देशमा दिगो शान्ति कायम हुनेछ ।

हिजोका दिनमा जो संविधानसभाका विरोधी हुनुहुन्थ्यो, जो गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्रका विरोधी हुनुहुन्थ्यो उहाँहरू चाहिँ अहिले बढी नाचगान गरिराख्नुभएको छ र जसले संविधानसभाका लागि बढी बलिदानी गर्‍यो खासगरी माओवादी जनयुद्ध, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलनमा संलग्न व्यक्ति र शक्तिहरू चाहिँ पूरै खुशी हुन नसकेको जुन अवस्था छ त्यो विडम्वनापूर्ण छ । इतिहासमा प्रायः यस्तै हुन्छ । विऊ एउटाले रोप्छ, फल अर्कैले काढ्छ । तैपनि यो संविधान कार्यान्वयन गर्ने क्रममा त्यस्तो नहोस् । यो पूर्ण रूपले कार्यान्वयन हुँदै, नपुगेका कुराहरू पूरा गर्दै, संशोधन गर्दै अगाडि बढोस् भनेर म आग्रह गर्न चाहन्छु र म त्यसमा विश्वास पनि गर्दछु ।

संविधान बनाउने जस्तो एउटा ऐतिहासिक जुन काम हो त्यस सन्दर्भमा हामीले आन्तरिक रूपमा केही त्रुटीहरू गर्‍यौं । खासगरी तराई–मधेश र थारूवान क्षेत्रमा प्रदेश निर्माणको क्रममा जुन हाम्रो त्रुटी हुन पुग्यो त्यसले गर्दा त्यहाँका हाम्रै दाजुभाइ–दिदीबहिनीहरू

असन्तुष्ट हुन पुग्नुभयो । त्यसैको वाहानामा दक्षिणी छिमेकीले फेरि नेपालमा अनावश्यक ढंगको दृश्य र अदृश्य प्रकारका दवावहरू दिने र अहिले आएर अघोषित प्रकारको नाकाबन्दी गर्ने हदसम्म पुगेको छ । यो अत्यन्त दुःखद र निन्दनीय छ । म त्यसको पूरै निन्दा र भर्त्सना गर्न चाहन्छु ।

नेपालको संविधान कस्तो बन्ने, यहाँको समस्या कसरी समाधान गर्ने भन्ने कुरा हामी नेपाली आफैंले निर्णय गर्ने कुरा हो । त्यसमा हाम्रा छिमेकीहरूका सुझाव, चासो, सरोकार केही छन् भने हामी सुन्न तयार छौं तर अन्तिम फैसला नेपाली आफैंले गर्ने हो । त्यसैले यसमा कसैले पनि हामीलाई अनावश्यक ढंगले हस्तक्षेप गर्छ भने त्यो स्वीकार्य हुँदैन । कुनै पनि देशको सार्वभौमसत्ता अकुण्ठित हुन्छ । सानो वा ठूलो जुनसुकै देश भए पनि 'पार्सियल सोभरेन्टी' र 'फुल सोभरेन्टी' भन्ने हुँदैन, सबै 'सोभरेन्टी' 'फुल' नै हुन्छ । त्यसैले नेपालको सार्वभौमसत्तालाई स्वीकार नगर्ने, त्यसको अपमान गर्ने ढंगको जुन काम पटक–पटक हुने गरेको छ इतिहासमा त्यसलाई म दुःखद् परिघटनाको रूपमा लिन चाहन्छु । यही विषयलाई नै लिएर मैले केही समय पहिले सामाजिक सञ्जालमार्फत खबरदारी गरेको थिएँ 'ह्वीसलब्लोअर'को रूपमा । 'वेदर फोरकास्टर'ले ठूलो आँधी, हुरी आउँदैछ भन्ने कुरा देखेर पहिले नै चेतावनी दिन्छ । मैले अलिकति चेतावनी दिने प्रयत्न गर्दा कतिपय मानिसहरूले मैले नै त्यो आँधीहुरी ल्याउन खोजेको भन्ने ढंगले नजानेर त्यस्तो प्रकारको टिकाटिप्पणी हुन पुग्यो त्यसबारे मलाई अलिकति दुःख त लागेको छ तैपनि कहिलेकाहिँ 'कम्युनिकेशन ग्याप' हुन्छ । यस्तो प्रकारको आँधी–हुरीको संकेत पाएर नै आम जनतालाई सामाजिक सञ्जालमार्फत सचेत गराएको थिएँ ।

तर अहिले त्यही प्रकारको परिघटना जुन घटिराखेको छ मलाई

अवश्य पनि लाग्छ मेरो कारणले त्यो भयो भन्ने भ्रम सायद कसैलाई पर्दैन । मैले त सुगौली सन्धीदेखि यता जुन प्रकारको असमान सम्बन्धमा हामी भारतसँग बाँधिएका छौं त्यो कारणले भारतीय शासक वर्गले आफूलाई अनुकुल अवस्थामा जहिलेसुकै पनि नेपालको पाखुरा निमोठ्ने काम पटक-पटक उसले जुन गर्दै आएको छ फेरि पनि गर्न सक्छ । त्यसैले त्यो भन्दा पहिले नै हाम्रो देशको समस्या हामी आफैं समाधान गरौं । खासगरी मधेश र थारूवान क्षेत्र जुन भारतसँग जोडिएको खुला क्षेत्र छ त्यहाँका जनतालाई हामीले साथमा लिन सकेनौं भने उनीहरू असन्तुष्ट हुने र त्यो असन्तुष्टिको नाजायज फाइदा बाहिरियाले लिने खतरा रहन्छ भन्ने मलाई आशंका लागेको थियो त्यही हुन पुग्दा मलाई अत्यन्त दुःख लागेको छ ।

फेरि पनि म आग्रह गर्न चाहन्छु - यसलाई हामी कसैले पनि प्रतिष्ठाको विषय बनाउनु हुँदैन । राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, यी विवादमा पर्ने विषय होइनन् । हामीले यसैलाई लिएर कुनै राजनीतिक दलमध्ये कसैले कसैलाई अराष्ट्रिय भन्ने, आफूलाई मात्रै राष्ट्रिय भन्ने ढंगले सोच्नु हुँदैन । हामी सबै राष्ट्रवादी नै हौं । खालि राष्ट्रियताको जगेर्ना कसरी गर्ने भन्ने चाहिँ हाम्रा फरक-फरक उपायहरू हुन सक्छन् । बाहिर देखिने गरी खुल्ला मञ्चबाट कड्किने तर राती गएर लत्रक्क परेर बिदेशीको पाउ समात्ने एउटा 'राष्ट्रवाद' हुन्छ । अर्को चाहिँ नेपालको विशिष्टतालाई बुझेर, सुगौली सन्धीदेखि यताको जुन असमान सम्बन्धको यथार्थता छ त्यसलाई मध्यनजर गर्दै कसरी लोकतान्त्रिक माध्यमबाट वर्गीय, जातीय, क्षेत्रीय रूपमा सबै जनतालाई एकतावद्ध गरेर राष्ट्रिय एकता बलियो पार्ने र हामी आर्थिक रूपमा जसरी भारतमाथि परनिर्भर छौं, हाम्रो व्यापारघाटा अहिले पनि ९ गुणा बढी छ, ६ सय अर्बभन्दा बढी वर्षेनी व्यापार घाटा छ, पेट्रोलियम पदार्थ शतप्रतिशत भारतबाट आयात गर्न बाध्य छौं, यो अवस्थालाई अन्त्य गर्नको निम्ति हामीले

छिटो आर्थिक विकास र समृद्धिमार्फत आत्मनिर्भर बन्ने प्रकारको राष्ट्रियताको पक्षपोषण गर्नु एउटा प्रगतिशील राष्ट्रवाद हो ।

त्यसैले २१ औं शताब्दीमा टुकी बाल्ने र साइकल चढ्ने राष्ट्रवाद कि साँच्चै नै विद्युतीय गाडी चढ्ने र विजुलीबत्ति बाल्ने प्रगतिशील राष्ट्रवाद ? त्यसको चयन हामीले गर्नुछ । म चाहिँ बिजुलीले चल्ने गाडी र बिजुलीबत्तिको पक्षपोषण गर्छु । त्यसैले यसमा हाम्रा दृष्टिकोणका अन्तर हुन सक्छन् तर यसैको आधारमा कोही राष्ट्रवादी र कोही अराष्ट्रिय भन्ने भ्रममा हामी कोही पनि पर्नु हुँदैन ।

हाम्रा आदरणीय नेताहरूका जुन राष्ट्रवादी अभिव्यक्ति आइराखेका छन, म अत्यन्तै प्रसन्न छु, अत्यन्त खुशी छु । म आग्रह गर्न चाहन्छु, उहाँहरू त्यसमा दृढ रहनुहोस् । त्यसो हुन सक्यो भने हामी नेपालीहरूको राष्ट्रिय भावना अझ बलियो हुन्छ । नेताहरूले नै त्यस्तो अडान लिइदिनुभयो भने धेरै राम्रो हुन्छ । उहाँहरूलाई आग्रह गर्न चाहन्छु आगामी दिनमा कुनै पनि नेताहरूले आफ्नो चुनावी खर्च व्यहोर्न अथवा सांसद् खरिद-विक्रि गर्न विदेशी दूतावासमा रकम माग्ने काम रोकिने छ । म त्यो अपेक्षा गर्न चाहन्छु । कुनै पनि नेताले आफ्नो देशमा कुनै पनि पद प्राप्त गर्नको निम्ति विदेशी दूतावास धाउने प्रचलनको अन्त्य हुनेछ । आफ्ना सेकेण्ड र थर्ड डिभिजन ल्याउने छोरा-छोरीका निम्ति विदेशी दूतावासमा गएर छात्रवृत्ति माग्ने प्रक्रियाको अन्त्य हुनेछ । आफू विरामी हुँदा लाखौं-करोडौंको खर्च विदेशीहरूबाट मुफ्तमा गराउने प्रचलनको पनि अन्त्य हुनेछ । बिदेश जादा हाम्रो आफ्नै दूतावासमा बस्न छोडेर विदेशीको आतिथ्यता लिएर पाँचतारे, साततारे होटलमा बस्ने परम्पराको अन्त्य हुनेछ । त्यसो हुन सक्यो भने साँच्चै नै हाम्रो राष्ट्रवाद बलियो हुनेछ । म त्यो अपेक्षा गर्छु । जुन अहिले सुरूवात भएको छ त्यो जारी रहोस् । त्यसमा म उहाँहरूसँग होस्टेमा हैंसे गर्न विल्कुल तयार छु ।

फेरि पनि अहिले जुन दुःखद् परिघटना बनेको छ यसलाई हामीले छिटो निवारण गर्नैपर्छ । भारतीय पक्षबाट जुन अघोषित नाकाबन्दी भएको छ सबैले एकस्वरले विरोध गर्दै यसको छिटो अन्त्यको दिशातिर हामी जानैपर्छ । त्यसनिम्ति हामीले एक-अर्कालाई गाली-गलौज गरेर भन्दा पनि कुटनीतिक तरिकाले यसको समाधान गर्ने, द्विपक्षीय सम्बन्धमा कहाँ असन्तुष्टी, असमझदारी रहेको हो कुटनीतिक ढंगले नै हल गरेर जानुपर्छ ।

त्योभन्दा अगाडि तराई-मधेशमा ४० दिनदेखि जुन खालको आन्दोलन भइराखेको छ त्यसलाई हामीले संवेदनशील रूपमा लिएर सम्बोधन गर्ने प्रयत्न गर्नुपर्छ । त्यसनिम्ति जायज मागहरू पूरा गर्ने र नाजायज माग हामी पूरा गर्न सक्दैनौं भन्नुपर्छ । त्यो हामीलाई पनि थाहै छ, हामीले मानेकै कुराहरू छन् । खासगरी तराई-मधेशमा पूर्वमा एउटा मधेश बाहुल्य प्रदेश बनाउने र पश्चिममा एउटा थारू बाहुल्य प्रदेश बनाउने भन्ने विगतमा संविधानसभाको समिति र अन्तरिम संविधानबमोजिम गठित आयोगले स्वीकार गरेकै हो । कांगेस र एमालेले प्रस्तुत गरेको सात प्रदेशको खाकामा पनि त्यो कुरा स्वीकार गरिएको हो । खालि पूर्वका तीन जिल्ला र पश्चिमका दुई जिल्ला मात्रै विवादमा परेको हो । त्यसैले विवादित जिल्लाहरूको सकेसम्म सीमा मिलाउने र नभए विवादित जिल्लाहरूलाई संघीय आयोगलाई दिएर पूर्वमा एउटा प्रदेश र पश्चिममा अर्को प्रदेश बनाउने हो भने तत्काल समस्या समाधान हुन सक्छ भन्ने मलाई लाग्छ । त्यसैले यो कुरा हामीले आन्तरिक रूपमा आफैंले समाधान गरौं । हाम्रा मधेशी, थरूहट लगायतका आन्दोलनकारी दलहरूलाई बोलाएर सरकारले छिटो त्यो वार्ताको वातावरण बनाओस् भन्ने म आग्रह गर्न चाहन्छु । आफ्नो तर्फबाट मैले पनि सकेसम्म प्रयत्न गर्दै आएको छु र म गर्नेछु ।

सबैले त्यसमा सद्भावको वातावरण बनाऔं र अखण्ड नेपालको अभिन्न हिस्साको रूपमा युगौंदेखि रहँदै आएको तराई-मधेश यही रूपमा रहनेछ । कुनै पनि बाहनामा त्यसमा अर्को प्रकारको विखण्डनको विऊ रोप्ने काम कसैले पनि गर्नु हुँदैन । हामीले आफ्नै देशको संघीय ढाँचाभित्र स्वायत्त प्रदेश प्रदान गरेर अखण्ड नेपालभित्र त्यसलाई कायम राख्ने ढंगले नै जानु बुद्धिमानी हुन्छ । त्यसको निम्ति हामी सबैले प्रयत्न गरौं । नेपालको इतिहासमा भारतीय शासक बर्गले हस्तक्षेप गर्दै आएका छन् । दुःखद् रूपमा भन्नुपर्दा २०४५-०४६ सालमा नेपालको लोकतन्त्रको जायज मुद्दालाई नाजायज ढंगले उठाएर त्यहाँ आफ्नो हैकमवादी प्रवृत्ति देखायो भने अहिले संघीयताको जायज मुद्दाको खोल ओढेर भारतीय शासक वर्गले आफ्नो हैकमवादी प्रवृत्तिलाई पूरा गर्नको निम्ति आफ्नो हैकमवादी चरित्र देखाइराखेको छ । हाम्रो नेपालका शासकहरूको पनि फेरि विदेशीको हौवा देखाएर, पहिले पञ्चायतमा त्यतिबेलाका शासकहरूले अराष्ट्रिय तत्व भन्दै जनताको लोकतान्त्रिक अधिकार खोस्ने काम गरे भने अहिले पनि फेरि नयाँ शासकहरूले भारतीय हौवा देखाएर जनताको आफ्नो स्वायत्त संघीय प्रदेश प्राप्त गर्ने, मधेशी र थारूका जायज आकांक्षालाई कुल्चने धृष्टता भइराखेको छ त्यसमा हामी सतर्क हुनुपर्छ ।

चाहे दिल्लीका शासक हुन, चाहे काठमाडौंका शासक, उनीहरूको किस्सा-कुर्सीका खेलमा नेपाली जनता पिल्सिनु हुँदैन । यो नाकाबन्दी हुँदा र शासक वर्गका यस्ता खेल हुँदा आखिरमा पिल्सिने जनता नै हुन् । त्यसैले हामीले जनताको पक्ष लिएर सच्चा प्रगतिशील राष्ट्रवादको पक्षपोषण गरौं र शासक वर्गका नक्कली राष्ट्रवादी र अन्धराष्ट्रवादी हत्कण्डालाई परास्त गरेर सच्चा नेपाली राष्ट्रवादको पक्षपोषण गरौं । म यो आग्रह गर्न चाहन्छु ।

यसको साथसाथै म अर्को प्रसंग पनि राख्न चाहन्छु । अत्यन्त ओझेलमा परेको दुःखद् विषय के छ भने गत बैशाख १२ गते गएको महाभूकम्पपछि ६ महिना समय कट्दै छ । तर झण्डै एक तिहाई, ८० लाख प्रभावित जनता, झण्डै आठ लाख घर भत्किएका जनता अहिले पनि त्यो पीडाबाट मुक्त हुन सकिराखेका छैनन् । जुन ढंगले सुरूसुरूमा अन्तराष्ट्रिय समुदायले पनि सहयोग गऱ्यो, नेपालभित्रै पनि यहाँका विभिन्न एनजीओ, आइएनजीओ र जनताले स्वतः स्फुर्त रूपमा सहयोग गरे । तर त्यस यता सरकारको पक्षबाट जुन तदारूकताका साथ भूकम्प पीडितहरूको पक्षमा काम हुनुपर्ने हो त्यो हुन सकेन ।

हामी सबैले आवाज उठाएर, मैले पनि त्यसमा आवाज थपेर, पुनःनिर्माण र नवनिर्माण प्राधिकरण बनाउनुपर्छ भन्ने कुरा गऱ्यौं । त्यो बन्यो तर सवलाङ्ग खालको बनेन । त्यो पनि ६० दिनभित्र संसद्बाट जो अनुमोदन हुनुपर्दथ्यो त्यो नगराएर त्यत्तिकै अन्त्य हुन पुगेको अवस्था छ । यतिबेलासम्म एउटा प्राधिकरण समेत बन्न सकिराखेको छैन । त्यसकारणले नवनिर्माण र पुनःनिर्माणको काम पूरै पछाडि परेको छ । यो अत्यन्तै दुःखद् छ । त्यसमा म खेद प्रकट गर्न चाहन्छु । जेसुकै भएता पनि अहिलेसम्म त हामीलाई संविधानको बाहाना थियो, अब संविधान आइसकेको छ, त्यसैले अब छिटै नयाँ सरकार पनि बन्ला । त्यसले अब हाम्रो सम्पूर्ण ध्यान राष्ट्रिय नवनिर्माण र पुनःनिर्माणमा जानै पर्छ । भूकम्प पीडित जनताले राज्यबाट आवश्यक सहयोग र निर्देशन पाउनुपर्छ भन्ने म आग्रह गर्न चाहन्छु । त्यसमा राष्ट्रको सम्पूर्ण ध्यान केन्द्रित गर्नको निम्ति पूरा देश अगाडि बढोस् र म आफ्नो तर्फबाट पूर्ण सहयोग गरेर त्यसमा लाग्ने तत्परता व्यक्त गर्न चाहन्छु ।

यसै प्रसंगमा, मैले नेपालमा ४० वर्षसम्म राजनीतिमा सक्रिय

ढंगले काम गर्दै आएँ । सुरूको २०३२,०३३ सालको चेतना एउटा गणतान्त्रिक चेतना मात्रै थियो । म कांग्रेस, कम्युनिष्ट केही पनि चिन्दैन थिएँ । नेपालमा राजतन्त्र ठीक छैन, यो अन्त्य हुनुपर्छ भन्ने मात्रै चेतना थियो । त्यही चेतनाबाट मैले आफैंले चण्डीगढमा पढ्दा विद्यार्थी संगठन बनाएर राजनीति सुरू गरेको थिएँ । पछि अखिल भारत नेपाली विद्यार्थी संघ हुँदै र पछि कांग्रेस–कम्युनिष्ट सबैसँग सहकार्य गर्दै अन्त्यमा कम्युनिष्ट पार्टीमा आवद्ध भएर त्यहाँबाट माओवादी हुँदै, १०–वर्षे जनयुद्धमा सहभागि हुँदै अहिले लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने र संविधानसभाबाट संविधान बनाउने कालखण्डसम्म मैले राजनीतिक यात्रा गरें । यहाँ आइसकेपछि नेपालले एउटा युग र एउटा चरण पूरा गरेको छ । नेपाली समाजको विकासको अर्को नयाँ युग अगाडि बढ्दैछ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा टेकेर आर्थिक विकास र समृद्धि हुँदै त्यसको जगमा समाजवादको दिशामा जाने अबको युग हुन्छ । त्यसको निम्ति पार्टीहरू भनेका साधन हुन, साध्य होइनन् । साध्य भनेको जनताको समृद्धि र खुशीयाली हो । तर पार्टी भनेको साधन हो, हतियार मात्रै हो । जस्तो कि कुनै कालखण्डमा तरकारी काट्नको निम्ति चक्कु बन्छ भने खशी काट्नु पर्‍यो भने त्यही चक्कुले हुँदैन, खुकुरी चाहिन्छ । त्यसैले एउटा युगमा आवश्यकताअनुसार बनेको पार्टी अर्को युगको निम्ति काम लाग्ने हुँदैन र नयाँ ढंगको पार्टी आवश्यक पर्ने हुन्छ ।

त्यसै क्रममा पुरानो एकात्मक सामन्ती राजतन्त्रात्मक राज्य व्यवस्थालाई अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था ल्याउनको निम्ति पूँजीवादी क्रान्ति सम्पन्न गर्नको निम्ति हामीले जुन पार्टी बनायौं त्यो एकीकृत नेकपा माओवादीको रूपमा पछिल्लो चरणमा आइपुग्यो । यसले एउटा कालखण्डको काम पूरा गर्‍यो ।

अब नयाँ युगको निम्ति त्यो पुरानो पार्टीले पुग्दैन । नयाँ ढंगले नयाँ पार्टी, नयाँ विचार, नयाँ कार्यदिशा, नयाँ संगठन, नयाँ नेतृत्व, नयाँ शैलीसहितको नयाँ ढंगले पार्टीलाई पुनःनिर्माण र नवनिर्माण गरेर जानुपर्छ र हिजोको जुन माओवादी आन्दोलन हो यहाँसम्म आइपुग्दा धेरै टुक्रामा विभाजित बनिसकेको छ । नयाँ नयाँ शक्तिहरू बाहिर आइसकेका पनि छन् । २०६२ सालपछिको १०, १२ वर्षमा कुनै पनि पार्टीमा नलागेको नयाँ युवा पुस्ता पनि अगाडि आइसकेको छ ।

यो सन्दर्भमा हेर्दा हामीले फेरि नयाँ ढंगले अगाडि हिँड्नुपर्ने आवश्यकता छ । त्यसैले मैले केही समयदेखि अब पार्टीहरू पनि आफूलाई नयाँ ढंगले रूपान्तरण गरेर जानुपर्छ भन्दै आइराखेको थिएँ । संविधानसभाबाट एउटा चरण पूरा भइसकेको सन्दर्भमा मैले अब त्यसमा के गर्न सक्छु, सबैसँग व्यापक छलफल गर्ने आशयले आजैका मितिदेखि लागू हुने गरी मैले एकीकृत नेकपा माओवादीको सम्पूर्ण जिम्मेवारी, सम्पूर्ण तहका मेरा दायित्वहरू र साधारण सदस्यता समेत परित्याग गरेको घोषणा गर्दछु ।

यो जानकारी मैले एमाओवादी पार्टीका अध्यक्ष प्रचण्डलाई पनि गराइसकेको छु । आजपछि म विल्कुल स्वतन्त्र नागरिक मात्रै बनेको छु, म अब कुनै पार्टीको सदस्य छैन । यसको अर्थ अब के गर्ने भन्ने विषयमा पूरै खाका मेरो दिमागमा छैन तर मैले आफ्नो दिमाग खुला राखेको छु र विचार मिल्ने सबै पक्षहरूसँग, पार्टीभित्र रहेका, पार्टीबाहिर रहेका, अन्य पार्टीमा रहेका, कुनै पनि पार्टीमा नरहेका सबैसँग एकचोटी सरसल्लाह गरेर कसरी अगाडि बढ्दा उपयुक्त हुन्छ त्यो ढंगले मैले आफूलाई प्रस्तुत गर्ने सोंच बनाएको छु ।

यसको साथसाथै गोरखा क्षेत्र नम्बर १ बाट एमाओवादी पार्टीबाट सबभन्दा ठूलो मतान्तरबाट विजयी भएको हुँ, तर मैले पार्टी परित्याग गरिसकेपछि स्वत नै मैले व्यवस्थापिका संसद्को सदस्य पनि परित्याग

गर्नुपर्छ । त्यसैले आज नै मैले व्यवस्थापिका-संसद्का सभामुखलाई पत्र लेखेर व्यवस्थापिका संसद्बाट पनि राजीनामा दिएको जानकारी गराएको छु । म अब व्यवस्थापिका संसद्को सदस्य पनि छैन र कुनै पार्टीको सदस्य पनि छैन । आगामी दिनमा म यो देशको एक नागरिकको रूपमा के गर्न सकिन्छ त्यसमा लाग्नेछु ।

यस अवसरमा मेरा केही प्रतिवद्धता पनि छन् । ती प्रतिवद्धता भनेका – म जतिबेलासम्म जीवित रहन्छु देश र जनताको सेवामा निरन्तर लागिरहनेछु । त्यसको रूप के हुन्छ त्यो म भन्न सक्दिनँ । छलफलबाट नै भोलि त्यो तय हुनेछ । देश र समाजले के आवश्यक ठान्छ त्यो नै हुनेछ । तर म निरन्तर जनताको सेवामा लागिराख्नेछु । त्यसको निम्ति मेरा पाँच 'स'को प्रतिवद्धता तय गरेको छु । पहिलो स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डता । नेपालको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताप्रति सदैब प्रतिवद्ध रहने, त्यसको जगेर्ना गर्ने मेरो पहिलो प्रतिवद्धता हो । दोस्रो, समावेशी, समानुपातिक, सहभागितामुलक लोकतन्त्र हो । लोकतन्त्र मात्रै भनेर हुँदैन, पुराना धेरैथरि लोकतन्त्र छन् तर समावेशी, समानुपातिक, सहभागितामुलक लोकतन्त्रप्रति मेरो दोस्रो प्रतिवद्धता हो । तेस्रो, समृद्धि हो । यो देशमा गरिबी र बेरोजगारी छ । यसको अन्त्य गरेर नेपाललाई छिटो भन्दा छिटो समृद्ध बनाउने, आर्थिक विकास र समृद्धिको दिशामा देशलाई लिएर जाने मेरो तेस्रो प्रतिवद्धता हो । चौथो भनेको सामाजिक न्याय र शान्तिको निम्ति समाजवाद चाहिन्छ । किनकि पूँजीवादी व्यवस्थाले देशमा दीगो शान्ति ल्याउँदैन र सामाजिक न्याय ल्याउँदैन । त्यसैले समाजवादी बाटोबाट दीगो शान्ति र सामाजिक न्याय कायम गर्ने समाजवाद निर्माण गर्न डट्ने मेरो चौथो 'स' हो । र पाँचौं 'स' भनेको सदाचार हो । यदि सार्वजनिक जीवनमा सदाचार भएन र भ्रष्टाचारजन्य अपारदर्शी गतिविधि भयो भने त्यसले देश र जनताको

सेवा गर्न सक्दैन । हाम्रो राजनीति जसरी अत्यन्त अपारदर्शी गतिविधि, भ्रष्टाचारजन्य गतिविधिबाट प्रदुषित छ त्यसबाट मुक्त रहेर सदाचारलाई पालना गर्ने मेरो पाँचौं प्रतिवद्धता हो । यसरी पाँच वटा 'स' स्वाधीनता, समावेशी समानुपातिक लोकतन्त्र, समृद्धि, सामाजिक न्यायको निम्ति समाजवाद र सदाचारमा प्रतिवद्ध भएर आगामी दिनमा म लागिरहनेछु । यहाँहरू सबैलाई थाहा छ – राजनीतिक अर्थशास्त्रको पनि विद्यार्थी हुनुको नाताले विकास निर्माणमा मेरो बढी रूची र चासो हो । महाभूकम्पबाट देश क्षतविक्षत भएको जुन अवस्था छ, देश गरिबी र बेरोजगारीबाट जसरी आक्रान्त छ त्यसैले केही समय आर्थिक विकास र समृद्धिका क्षेत्रमा बढी क्रियाशील हुने र त्यसमा योगदान पुर्‍याउने मेरो सोंच छ । त्यसैले म तत्काल त्यसमा केन्द्रित हुनेछु ।

अन्त्यमा, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र पछिल्लो चरणमा थारूवान क्षेत्र, तराई–मधेश लगायतका देशका विभिन्न भागमा अधिकार प्राप्तिका लागि भएका आन्दोलनमा मृत्यु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्ण घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । धन्यवाद ।

*(एकीकृत नेकपा (माओवादी) परित्यागको घोषणाका लागि २०७२ साल असोज ९ गते आयोजित पत्रकार सम्मेलनमा डा बाबुराम भट्टराईद्वारा अभिव्यक्त विचार र आगामी प्रतिवद्धतासम्बन्धी पूर्ण अंश)*

# प्रचण्डसँग कुनै दुराग्रह छैन

*अकस्मात एमाओवादी त्यागको निर्णय गर्नुभयो नि?*

झट्ट हेर्दा अकस्मात देखिए पनि मैले यो कुरा धेरै समयअघिदेखि भनिरहेको थिएँ । मार्क्सवादी भाषामा भन्ने हो भने संविधान निर्माण भएपछि पुरानो सामन्तवादी युग सकिएर पुँजीवादी युग सुरू हुने, त्यसपछि समाजवादका लागि अरु लड्नुपर्छ भनेर भन्दै आएको थिएँ । असोज ३ गते संविधानसभाबाट नयाँ संविधान बनेसँगै अब हामीलाई नयाँ बहस चाहिएको छ । त्यो नयाँ बहस पुरानो पार्टीको पुरानो संरचनाले चलाउन सक्दैन, नयाँ सन्दर्भमा चल्नुपर्छ । यसका लागि पार्टीभित्र मात्रै बहस गरेर पुग्दैन । समाजका सबैसँग खुला छलफल गर्ने सोचका साथ अघि बढ्न पार्टी परित्याग गरेको हुँ ।

***एमाओवादी छाड्ने जानकारी पाएपछि अध्यक्ष पुष्पकमल दाहालले कस्तो प्रतिक्रिया दिनुभयो ?***

उहाँलाई पार्टी छाडेको जानकारीसहित पत्र पठाएको छु । केही प्रतिक्रिया पाएको छैन । उहाँप्रति मेरो कुनै दुराग्रह छैन । उहाँ

पनि देश र जनताकै सेवामा लागेको नेता हो । सायद हाम्रो छिट्टै भेटघाट होला ।

***माओवादीका सशस्त्र युद्धमा तपाईंहरू दुई जनाको नाम चर्चामा हुन्थ्यो । अब सधैंलाई छुट्नुभएको हो ?***

प्रचण्डजीसँग मेरो व्यक्तिगत सम्बन्ध अहिले पनि राम्रै छ । भोलि पनि मुद्दागत आधारमा हाम्रो सहकार्य हुन सक्छ । मैले दुराग्रह राखेको भए अरू साथीहरूसमेत लगेर पार्टी फुटाउन सक्थें । तर त्यसो गरिन । म मात्रै निक्लें ।

***दोस्रो संविधानसभा चुनावपछि नयाँ शक्तिको बहस चलाउन थाल्नुभयो । अब नयाँ शक्ति बनाउने हो ?***

अहिल्यै म त्यसरी भन्दिनँ । कतिपयले नयाँ शक्ति भन्नेबित्तिकै अहिले भएका शक्ति काम लागेनन्, नयाँ बनाउने भन्ने अर्थमा बुझ्छन् । तर नयाँ शक्ति भनेको अहिले भएकैबाट नयाँपन दिने कोसिस पनि हो । यसको अवधारणा अहिल्यै सबै भन्न सकिने अवस्था छैन । म सबैसँग छलफल गर्दैछु ।

***मधेसी र जनजातिलाई प्राथमिकता दिन खोज्नुभएको हो ?***

अहिले मधेस र पहाडबीच जुन दूरी निर्माण भएको छ, त्यसलाई समयमा ठीक ढंगले सम्बोधन गरेनौं भने देशमा डरलाग्दो खाडल बन्न जाने छ । राष्ट्रिय स्वाधीनता र अखण्डतामै चुनौती आउन पनि सक्छ । त्यसैले मधेस, पहाड र हिमालबीच सौहार्दता ल्याउन ढिलो गर्नुहुन्न भन्ने मेरो भनाइ हो । संविधानसँग केही समुदायको असन्तुष्टि छ । नेपाल भनेको आर्यखसको मात्रै होइन, मधेस, हिमाल सबैको हो । यसबारे सोच्नुपर्छ ।

***कम्युनिज्म छाड्नुभएको हो ?***

त्यसरी सीधा भनिहाल्न मिल्दैन । म सुरूमा गणतन्त्रवादी र्‍याडिकल डेमोक्रयाट थिएँ । २०३७ सालपछि मात्रै कम्युनिस्ट भएको हो । त्यो क्रान्तिको चरण पूरा भयो, अब आर्थिक विकास र समृद्धि गरौं भन्ने हो । द्वन्द्वात्मक भौतिकवादप्रति मेरो अगाध विश्वास छ । त्यो समाजलाई वस्तुसंगत ढंगले बुझ्ने विज्ञान हो । तर समाजवादी मोडेलको प्रयोग विभिन्न देशहरूमा जसरी भयो, त्यो ठीक भएन । एक्काइसौं शताब्दीमा नेपालको प्रकृति सुहाउँदो शैली हामीलाई चाहिन्छ । त्यसका लागि मार्क्सवादलाई हाम्रै मौलिकतामा अझ विकास गर्नुपर्छ ।

***उसोभए स्टालिन र माओबाट बाहिर आउनुभएछ ?***

मैले त यसबारे बहस गरौं भनेको छु । यसको निष्कर्षमा म पुगिसकेको छैन । कतिचाहिँ हो भने, अहिले म एउटा घरबाट निस्किसकेको छु । तर अर्को घर कस्तो बनाउने भन्नेमा छलफल जारी छ । परम्परावादी अति केन्द्रीयतावादी कम्युनिस्ट धारसँग मेरो अलि पहिलेदेखि नै असहमति रह्‍यो । तर मार्क्सवादी दर्शनमै रहेर समाजवादको मोडल खोज्नुपर्छ भन्ने अझै लाग्छ ।

***त्यो भनेको अहिले चर्चामा रहेको नवमार्क्सवादी बाटो हो ?***

त्यसरी भन्नुभन्दा पनि मैले यसलाई पाँच 'स' को अवधारणाका रूपमा व्याख्या गर्न खोजेको छु स्वाधानीता, समावेशी समानुपातिक लोकतान्त्रिक व्यवस्था, समृद्धि, सामाजिक न्यायका लागि समाजवाद र सदाचार ।

***उसोभए अब तत्कालको मार्गचित्र के हुन्छ ?***

सबैसँग खुला दिलले छलफल गर्ने सोचमा छु । हिजो माओवादी आन्दोलनबाट विभाजित भएका साथीहरूसँग कुराकानी भइरहेको छ । त्यसपछि कसरी अगाडि बढ्ने भन्ने चित्र आउने छ ।

***नयाँ पार्टी कहिले घोषणा हुन्छ ?***

तत्काल कुनै नयाँ पार्टी घोषणा हुँदैन । संस्थागत लोकतान्त्रिक ढंगबाटै यो विषय छिनोफानो हुनेछ । म एक्लै निर्णय गर्दिनँ । कति समय लाग्ला भन्नेबारे अहिल्यै भन्न सकिँदैन । संविधान त बन्यो, तर अशान्ति र अस्थिरता छ, यसलाई सम्बोधन गर्नेगरी निर्णय हुन्छ ।

***मोहन वैद्य, विप्लवदेखि उपेन्द्र यादवसँग समेत कुरा भइरहेको छ ?***

सबैसँग कुरा भइरहेको छ । विशेषगरी देशको काँचुली फेर्न लालायित युवा, देशभक्त नागरिकहरूसँग घनिभूत बहस भइरहेको छ । जस्तो, भूकम्पपछि जुन ढंगले हामी अगाडि जानुपर्थ्यो, त्यो गर्न सकिएको छैन । विपतलाई सम्बोधन गर्नेगरी हाम्रो नेतृत्वमा भिजन देखिएको छैन । मेरो अहिलेको ध्येय आर्थिक समृद्धि नै हो ।

***संसद् किन छाड्नुभएको ?***

जुन पार्टीबाट म सभासद चुनिएँ, त्यसलाई नै त्यागेपछि नैतिक रूपमा संसदमा रहिरहनु उचित नहुने ठानेर त्यागेको हुँ । त्यसमाथि संसद् परित्याग त स्वतः हुने व्यवस्था नै छ । अब तत्कालका लागि कुनै पदहरूमा बस्ने सोच छैन । म मूल्य मान्यताको राजनीति र देशको रूपान्तरणका लागि केन्द्रित हुनेछु ।

***युद्धबाट शान्तिमा आउनुभयो । एमाओवादीप्रतिको मूल्यांकन के छ ?***

एमाओवादीको नेतृत्वमा जनयुद्ध नभएको भए आजको परिणाम आउँदैनथ्यो । समावेशी, परिवर्तनका एजेन्डा आज यसरी स्थापित हुँदैनथे । जनयुद्धका लागि मेरै सक्रियतामा ४० सूत्रीय माग तयार

भए । यसमा मलाई गर्व छ ।

***तर तपाईंको राजीनामाले जनयुद्धको औचित्य पुष्टि भयो त ?***

पुष्टि भयो नि । किनभने आज त्यसैका आधारमा नेपालको अनुहार नै फेरिँदैछ । त्यसको जग नभएको भए यो समाजवाद उन्मुख यात्राको घर बन्दैनथ्यो । यसमा टेकेर नै शान्ति, समृद्धिको दिशामा अब देश अघि बढ्ने हो ।

***उसो भए कुनै पछुतो छैन ?***

पछुतो होइन, त्यो पहलकदमीप्रति मलाई असाध्यै गौरव छ । २००७ सालदेखिका परिवर्तनहरूमा कहिले सशस्त्र संघर्ष, कहिले शान्तिपूर्ण संघर्षको योगदान छ । संसारका महान परिवर्तन सशस्त्र ढंगले भएका छन् । हाम्रो समाज विश्व इतिहासभन्दा बाहिर छैन ।

*(डा बाबुराम भट्टराईसँग कान्तिपुरका लागि बसन्त बस्नेतले गरेको संक्षिप्त कुराकानी प्रकासित मिति २०७२ आश्विन १० गते)*

# सकारात्मक सोंचविना आर्थिक विकास, समृद्धि र परिवर्तन सम्भव छैन

२०७२ असोज ३ गते नेपाली इतिहासमा पहिलो पटक संविधानसभाबाट संविधान बन्यो । जुन मेरो जीवनको एउटा सपना थियो । आफैंले निर्माण गरेर यहाँसम्म ल्याएको पार्टी मैले परित्याग गरेको पनि असोज ९ गते घोषणा गरें । यसले स्वतः नै केही तरंगहरू ल्याएको छ । बाबुरामले किन संविधान जारी गर्ने वित्तिकै आफैंले निर्माण गरेको पार्टी छोड्यो ? के गर्दैछ ? यो पलायन हो कि ? केही नयाँ चीज गर्दै हो कि ? यसको सकारात्मक नकारात्मक के पक्षहरू हुन् ? भन्ने जिज्ञासाहरू उठेका छन् । मैले त्यो विस्तारै स्पष्ट पार्दै जानैपर्छ । धेरै क्षेत्रका जिज्ञासाहरू छन् तर मैले तपाईं निजी क्षेत्रकै साथीहरूलाई पहिलो पटक किन भेट्न चाहें भने हामीले ७० वर्षसम्म राजनीतिक परिवर्तनलाई मुख्य एजेण्डा बनायौं र त्यसलाई असोज ३ गते औपचारिक ढंगले पूरा गर्‍यौं, भलै त्यसको पाटोमा केही प्रश्नहरू छन् । तर अबको एजेण्डा भनेको आर्थिक क्रान्ति र परिवर्तनको एजेण्डा हो । किनकि राजनीतिक र आर्थिक क्रान्ति अन्तरसम्बन्धित हुन्छन् । कतिपय अवस्थामा आर्थिक

क्रान्तिले राजनीतिक क्रान्ति ल्याउँछ । युरोपका कैयौं देशमा त्यस्तो भएको पनि छ । कतिपय ठाउँमा चाहिं राजनीतिक क्रान्तिपछि आर्थिक क्रान्ति भएका धेरै देशका उदाहरणहरू पनि छन् । तर नेपालमा चाहिं हामीले राजनीतिक क्रान्तिपछि आर्थिक क्रान्तिको बाटो समातेका छौं । त्यसैले अब एउटा युग पूरा भएर जुन नयाँ युग सुरू हुँदैछ, त्यो भनेको नेपालमा तिब्र आर्थिक विकास र समृद्धिको युगतिर हामी औपचारिक ढंगले प्रवेश गर्दैछौं । मेरो पनि रूचीको विषय र देशको आवश्यकताको विषय पनि आर्थिक क्रान्ति र विकास हुन् । आर्थिक क्रान्ति र विकासका मुख्य बाहक शक्ति निजी क्षेत्र नै भएको यथार्थलाई मध्यनजर गर्दै मैले तपाईंहरूसँग यो अन्तरक्रिया गर्न चाहेको हुँ ।

मैले धेरै कुरा राख्नु छैन । किनकि मैले भर्खरै नयाँ यात्रा सुरू गरेको छु । नयाँ यात्रामा हिंड्ने बटुवाले सबै कुरा सुरूमै देखिसकेको पनि हुँदैन । केही हिच्किचाहटसहित नै नयाँ यात्रा सुरू हुन्छ । त्यस क्रममा तपाईंहरूको साथ र सहयोगबाट नै मैले अगाडि बढ्नु छ । त्यसैले मेरा आफ्ना धेरै कुरा भन्नु भन्दा पनि तपाईंहरूबाट सुझाव लिने मेरो इच्छा छ । त्यसैले संक्षिप्तमा नै आफ्ना कुराहरू राखेर तपाईंहरूको कुरा सुन्नेछु ।

संविधानसभाबाट जुन संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बन्यो यो नेपाली इतिहासको अत्यन्त महत्वपूर्ण ऐतिहासिक खुट्किलो हो । हुनतः हाम्रा कतिपय असहमतिहरू रहन पनि सक्छन् । किनकि हामीसँग पहिल्यै ६ वटा संविधान थिए, यो सातौं संविधान बन्यो । तर ६ वटा संविधान नेपाली जनताका चुनिएका प्रतिनिधिहरूले बनाएका थिएनन् । भलै पहिलेका संविधानमा कतिपय राम्रा पक्षहरू पनि थिए, सबै खराब थिए भन्ने होइन । तर विधि र प्रक्रियाको हिसाबले नेपाली इतिहासमा पहिलो चोटि नेपाली

जनताका चुनिएका प्रतिनिधिहरूले बनाएको संविधान हो यो । त्यसैले नेपाली इतिहासमा निर्मित यो संविधान अहिलेसम्मको सबैभन्दा बढी लोकतान्त्रिक संविधान हो । प्रक्रियाको हिसाबले यो भन्दा सुन्दर र उच्च विधि संसारमा अरू केही पनि मानिँदैन । हामीले जुन विधि र प्रक्रिया अपनायौं त्यसमा तपाईं-हामी सबैले गर्व गर्नैपर्छ । म आफूलाई गर्व र सन्तोष के छ भने मलाई पार्टी र इतिहासले एउटा भूमिका निर्वाह गर्ने अवसर दियो । संविधानसभाको एजेण्डा २०१४ सालपछि हराएर गएको थियो । त्यतिबेला राजा महेन्द्रले आफ्नो संविधान दिएका थिए । विपी कोइरालाले पनि भइगयो त भनेर राजा महेन्द्रलाई विश्वास गरेर छोड्दिनुभयो । विभिन्न पार्टीहरूले पनि त्यसलाई बीचमा छोड्दिएकै हो । २०४६ सालको परिवर्तनपछि त्यतिबेला संयुक्त राष्ट्रिय जनआन्दोलन भन्ने वामपन्थीहरूको जुन मोर्चा थियो त्यसको तर्फबाट मैले संविधानसभाको कुरा उठाएको थिएँ । त्यतिबेला हाम्रो शक्ति ज्यादै सानो भएको हुनाले त्यो सुनिएन र फेरि एउटा आयोगबाट नै संविधान बन्यो । पछि माओवादी जनयुद्धको क्रममा अन्य कुराहरूको अतिरिक्त एउटा मुख्य माग भनेको संविधानसभाबाट संविधान बनाएर नेपाली जनताले आफ्नो सार्वभौमसत्ताको पूर्ण अभ्यास गर्ने र अग्रगामी संविधान बनाउने भन्ने एजेण्डा नै त्यहाँ उठ्यो र मैले नै बढी जोड गरेर त्यो प्रश्नलाई उठाएँ । शान्ति प्रक्रियामा आउँदाखेरि पार्टीभित्र विभिन्न विवादहरू भए । पहिलो र दोस्रो शान्ति वार्ताको क्रममा त्यसलाई स्वीकार गरिएन । २०६२/०६३ मा आएपछि नै यो राष्ट्रिय एजेण्डा बन्यो । अहिले हामी संविधानसभाबाट संविधान जारी गर्ने ठाउँसम्म पुग्यौं । संयोगले मैले नै संविधानसभाको महत्वपूर्ण समिति संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको सभापतित्व गर्ने अवसर पाएँ । अन्तिमकालमा त्यो समितिले पनि शीर्ष नेतृत्वको ५ जनाको विशेष समितिले नै बाँकी विषय टुंग्याउने निर्णय गर्‍यो । म सभापतिको

नाताले संयोजक, माननीय सुशील कोइराला, माननीय केपी शर्मा ओली, माननीय पुष्पकमल दाहाल 'प्रचण्ड' र माननीय विजयकुमार गच्छदार रहेको पाँच जनाको टोलीले नै सबै विषय टुंग्याउने निर्णय गऱ्यो । श्रावण २३ गते मध्यरातमा संविधानको अन्तिम मस्यौदा बनाउने काम गऱ्यौं र संविधानसभामा बुझायौं । त्यसपछि फेरि केही विषयमा असन्तुष्टि, सुझावहरू पनि आए, आन्दोलन पनि भए र त्यसलाई सम्बोधन गर्ने गरी संशोधन राख्ने भन्ने भयो र संशोधन प्रस्ताव प्रस्तुत गर्नको निम्ति पनि त्यही पाँच जनाको विशेष समिति र मस्यौदा समितिका सभापति कृष्णप्रसाद सिटौला गरी ६ जनालाई जिम्मा दिइयो । मैले नै संयोजन गरेर हामी ६ जनाले नै भदौ १९ गते संशोधनसहितको परिमार्जित मस्यौदा संविधानसभामा प्रस्तुत गऱ्यौं । त्यो नै राजनीतिक रूपमा सबैभन्दा महत्वपूर्ण काम थियो र त्यसपछिका सबै औपचारिक काम मात्रै थिए ।

यसरी ऐतिहासिक रूपमा काम सम्पन्न भयो र मैले जिम्मेवारी बहन गर्ने जुन अवसर पाएँ मलाई अत्यन्त गर्वको अनुभुति छ । तर पछिल्लो चरणमा बाबुरामले नै आफूले बनाएको संविधानको विरोध गऱ्यो, कतिपयले त अझ जलाइदियो पनि भन्ने खालका हल्ला चल्ने गरेका छन् ती सत्य होइनन् । मैले यसमा सन्तोष र गर्वको अनुभुति गर्दै खालि पछिल्लो चरणमा तराई–मधेश र थारू बाहुल्य क्षेत्रहरूमा असन्तुष्टी बढ्यो, संविधान जारी गर्ने बेलामा झण्डै एक महिनासम्म बन्द हड्तालको जुन अवस्था रह्यो, उहाँहरूको संख्याको हिसाबले थोरै होला तर भावनाको हिसाबले, समूहको हिसाबले तराई–मधेशको जुन संवेदनशीलता छ, आधा जनसंख्या त्यहाँ बसोबास गर्छ, खुल्ला सीमासँग जोडिएको छ र त्यहाँ हुने अशान्तिले हाम्रा छिमेकीलाई पनि प्रकारान्तरले तान्ने खतरा रहन्छ त्यो अवस्थामा उहाँहरूलाई समेत विश्वासमा लिएर संविधान जारी गरौं भन्ने प्रश्न मात्रै उठाएको थिएँ । टुंगो त मोटामोटी रूपमा धेरै लगाइसकेकै थियौं, त्यसमा

उहाँहरूको पनि धेरै विषयमा सहमति नै थियो । केही सीमांकन, समानुपातिक प्रतिनिधित्व लगायतका विषयमा उहाँहरू समेतलाई सहभागी गरायौं भने मधेशमा शान्ति आउँछ र सबैको अपनत्व र स्वामित्वसहितको संविधानले देशमा दीगो शान्ति दिन्छ । त्यसपछि अगाडि बढ्न मद्दत पुग्छ भन्ने कुरा त्यहाँ हामीले राख्यौं तर कतिपय साथीहरूले सामान्य कुरामा, जसले केही घण्टा/दिन लिन्थ्यो जुन कुनै ठूलो कुरो थिएन, असाध्यै जिद्दी गरेर पर्खन जरूरत छैन र उहाँहरूले उठाएका मागहरू पनि अहिले सम्बोधन गर्न सक्दैनौं, त्यो ठूलो आन्दोलन पनि होइन, कसैले उक्साइदिएको हो भनेर अत्यन्त न्युनीकरण गरेर संविधान जारी गर्न पुग्यौं । संविधान जारी गर्ने दिनमा आधा देशले दिपावली मनायो र आधा देश आन्दोलन र अन्धकारमा रह्यो । यो अलि सुखद् पक्ष भएन भन्ने मात्रै मेरो कुरा थियो । सम्पूर्ण देशलाई नै लिएर संविधान जारी गर्दा सबैको स्वामित्व र अपनत्व हुन्थ्यो । त्यसले संविधानको कार्यान्वयन र भोलिको यात्रा पनि, दीगो शान्तिको निम्ति आर्थिक विकास र समृद्धिको जुन परिकल्पना गरेका छौं, त्यो सहज हुन्थ्यो ।

तराई–मधेश नै हाम्रो धेरै सहरी इलाका भएको, उद्योग धन्दाहरू रहेको र भोलि पनि रहने ठाउँ हो र विदेशी लगानी विना पनि नेपालको विकास हुँदैन र उनीहरू आउँदा बढी सुगम हुने ठाउँ पनि, हामीले औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र निर्धारण गर्दा हुने ठाउँ पनि तराई नै हो । त्यस हिसाबले पनि तराई–मधेशको विशेष महत्व रहन्छ, आर्थिक विकासको निम्ति पनि भन्ने जोड त्यहाँ भएको थियो । त्यस्तो संवेदनशील क्षेत्रलाई विश्वासमा लिने विषयको कमी रह्यो भन्ने मात्रै मेरो टिप्पणी हो । तर संविधान त बनिसकेकै थियो । म आफैंले समितिबाट बुझाएर, मैले समेत संविधानसभाको सदस्यका रूपमा हस्ताक्षर गरेर जारी भइसकेपछि आफैंले विरोध गर्ने त प्रश्नै आउँदैन । मलाई जति गर्व त सायदै कसैलाई होला । त्यति

ठूलो जनयुद्धको क्रममा नै त्यही विषय उठाएर त्यत्रो बलिदानीपछि संविधानसभा आयो । त्यसैले तपाईंहरूमा कतै किञ्चित मात्र पनि द्विविधा छ भने त्यो नरहोस् भन्ने म आग्रह गर्न चाहन्छु ।

यसै सन्दर्भमा अहिले मुख्यतः तराई–मधेशमा जुन विवाद र समस्याको विषय छ यो हाम्रो आन्तरिक विषय हो । हामी आफैंले हल गर्नुपर्छ । तराई–मधेश र थारूवान क्षेत्रका जनता हाम्रै नेपाली जनता हुन् । तराई–मधेशका साथीलाई भारतीय मूलका भनेर अलिकति अनेपाली ठानिदिने जुन मनोवैज्ञानिक पर्खाल छ त्यसलाई अन्त्य गर्नको निम्ति पनि उहाँहरूलाई अलि संवेदनशील ढंगले हामीले हेर्नुपर्छ । उहाँहरूले उठाएका कति माग जायज हुन् कति माग नाजायज हुन्, वार्ताको टेबलमा बसौं र जायज माग पूरा गरौं, नाजायज छन् भने यी नाजायज छन् भनौं । यसरी जाँदा राम्रो हुन्छ भन्ने प्रयत्न मैले निकै नै गरें । तर त्यो पूरा हुन नसक्दा ५० दिन पूरा भइसक्यो तराई–मधेशमा आन्दोलन जारी रहनु र सीमावर्ती क्षेत्रमा जुन खालको अशान्ति र अस्तव्यस्तता रह्यो त्यसैलाई बहाना बनाएर भारतीय सरकारको पक्षबाट सीमामा सामानको ढुवानीमा अवरोध खडा गर्ने, प्रचलित शब्दमा भन्दा अघोषित नाकाबन्दी गर्ने, जुन परिघटना हुन पुगेको छ त्यो अत्यन्त दुःखद् भएको छ । त्यसैले पहिले नै हामी आफैंले तराई–मधेशको समस्या समाधान गरौं भन्ने मेरो अत्यन्त ठूलो जोड हो । अहिले हाम्रो छिमेकीहरूसँग समस्याहरू छन् त्यो त छिमेकमा हुन्छ । तैपनि छिमेकीका कतिपय अर्घेल्याईं पनि छन् । हाम्रो छिमेकीले पनि अलि ठूलो हृदय देखाइदिनुपर्ने हो । पोहोर मोदीजी आएपछि जुन खालको भावना यहाँ बनेको थियो, अहिले सानो चित्त गरिदिंदा, बेलैमा आफ्ना सरोकारहरू ठीक ढंगले सञ्चार नगरिदिँदा एउटा असहज र अविश्वासको वातावरण बन्यो । अहिले जुन परिस्थितिमा पुगेको छ, तराई–मधेश त ५० दिनदेखि आक्रान्त नै छ, केही दिनदेखि काठमाडौंमा समेत त्यसको

प्रभाव परेर आपूर्तीको अस्तव्यस्तता भएको छ । यस्तो स्थिति आउनु हुँदैनथ्यो । हामीले बेलैमा दुबै पक्षबाट, नेपाल सरकारको तर्फबाट पनि र भारत सरकारको तर्फबाट पनि, आफ्ना सरोकारहरू कुटनीतिक रूपमा परिपक्व तरिकाले सम्बोधन गर्न सक्नुपर्थ्यो । त्यहाँ त्रुटी रहेकै छ । कति हाम्रो त्रुटी हो, कति उताको त्रुटी हो त्यो त भोलि समीक्षा होला । तैपनि यो गतिरोध लामो समयसम्म टिकाउनु उपयुक्त छैन, त्यसले दुवै देशलाई फाइदा गर्दैन । त्यसैले पहिलो कुरा, तराई–मधेशको समस्या हाम्रो आन्तरिक समस्या हो, हामी आफैंले हल गरौं । तराई–मधेश र थरूहट क्षेत्रका राजनीतिक दल र शक्तिहरूलाई वार्ताको टेबलमा ल्याएर उहाँहरूको मागहरूमा सम्बोधन गर्न सकिने मागलाई संविधान संशोधन गरेर (असोज १५ गतेदेखि नै व्यवस्थापिका–संसद्को अधिवेशन पनि सुरू भइसकेको छ) हल गरौं । साथै दिल्लीसँग पनि यो सार्वजनिक जुहारी खेल्नु भन्दा कुटनीतिक ढंगले वार्ता गरेर छिटो समाधान खोजौं । अघोषित प्रकारको नाकाबन्दीका बारेमा उहाँहरूको भनाईमा यताको अवरोध हो भन्ने छ र हाम्रो सरकारको भनाइमा चाहिं त्यो बहाना मात्रै हो उहाँहरूले उताबाटै रोक्नुभएको हो भन्ने छ, मारमा तपाईं–हामी परेका छौं । 'साँढेको जुधाई बाच्छाको मिचाई' भनेजस्तो दुई देशका सरकारको तर्फबाट यस्तो जुहारी चल्दा मारमा पर्ने त तपाईं–हामी जनता हुन्छौं । त्यसैले पनि यसलाई छिटो हल गरियोस् । यो तित्तता धेरै बढाउनु फाइदाजनक छैन । किनकि हामी नयाँ युगमा प्रवेश गर्दैछौं । आर्थिक विकास र क्रान्तिको यस चरणमा छिमेकी चीन र भारत जस्ता दुई ठूला अर्थतन्त्रको लगानी विना र ठूलो बजारको लाभ नलिइकन नेपालको अर्थतन्त्रको विकास हुन सक्दैन । त्यसैले पनि छिमेकीसँगका कुरा छिटो हल गरेर हामीले आगामी दिनको ठीक ढंगको नीति अबलम्बन गरौं ।

यो विषयमा को राष्ट्रिय, को अराष्ट्रिय, को राष्ट्रवादी, को

राष्ट्रघाती भन्ने बहस र अनावश्यक विवाद सिर्जना गर्नु हुँदैन । हामी सबै नेपाली राष्ट्रवादी हौं । देशको माया भन्ने कुरा मुटुमा राख्ने कुरा हो, निधारमा देखाउँदै हिंड्ने कुरा होइन । हामी सबै राष्ट्रवादी हौं । राष्ट्रिय हित कसरी गर्ने भन्ने फरक-फरक सोंचहरू हुन सक्छन् । दोस्रो विश्वयुद्धपछिको शीतयुद्धकालीन समयको एउटा खालको राष्ट्रवाद थियो, जुन लडाईं लडेरै पनि श्रेष्ठता हासिल गर्ने भन्ने हुन्थ्यो । प्रत्यक्ष लडाईं गरेर अगाडि बढ्ने खालको राष्ट्रवाद हुन्थ्यो । अर्को राष्ट्रवाद भनेको चाहिं देशको आफ्नो राष्ट्रिय परिस्थितिलाई मध्यनजर गर्दै, शक्ति-सन्तुलनलाई ध्यानमा राख्दै पहिले आफ्नो आन्तरिक लोकतन्त्रको समस्या हल गरेर सबै जनतालाई साथमा लिएर राष्ट्रिय एकता बलियो पार्ने कुरालाई पहिले ध्यान दिने र आर्थिक विकास र समृद्धि कायम गरेर जुन हाम्रो आर्थिक परनिर्भरता छ त्यसलाई अन्त्य गरेर सही अर्थमा नेपाललाई स्वाधीन बनाउने हो । यो अलिकति फरक ढंगको लोकतान्त्रिक प्रगतिशील राष्ट्रियता हो । यी दुई प्रकारका राष्ट्रियताका विषयमा बहस हुन सक्छ तर पनि हामी सबै राष्ट्रवादी नै हौं । हामी कोही पनि राष्ट्रघाती हुन सक्दैनौं । राष्ट्रघात गर्नेलाई नेपाली भन्ने अधिकार पनि रहँदैन र त्यस्तो व्यक्तिलाई त कानुनबमोजिम कडा सजाय हुनुपर्छ । यस्तो कुरामा दूस्प्रचार गरेर फलानो चाहिं राष्ट्रघाती म राष्ट्रवादी भन्ने ढंगले हामी कोही पनि प्रस्तुत हुनुहुँदैन । कसैले साँच्चै राष्ट्रघात गर्छ भने देशको कानुनअनुसार दण्डित गर्नुपर्छ, अनावश्यक ढंगले कसैको चरित्रहत्या गर्ने ढंगले त्यस्तो प्रचारबाजीमा लाग्नु हुँदैन । त्यसैले यसलाई मनन गरौं ।

तपाईंहरू, खासगरी निजी क्षेत्रलाई थाहा छ हाम्रो अहिलेको युगमा कुनै पनि अर्थतन्त्र आफैंभित्र मात्रै बन्द खालको अर्थतन्त्र सम्भव हुँदैन । खुला बजार अर्थतन्त्र भनेको खुला अन्तरदेशीय व्यापार र लगानीको पनि अर्थतन्त्र हो । त्यसैले पनि छिमेकीसँग र

अन्तर्राष्ट्रिय शक्तिसँगको सम्बन्धलाई सन्तुलित नराखिकन आर्थिक विकास हुँदैन भन्ने कुरालाई पनि हामीले ध्यान दिऔं । यतापट्टि पनि ध्यान पुगोस् भन्ने म चाहन्छु । आफ्नो तर्फबाट मैले पहिलेदेखि नै भन्दै आएको हुँ - भारत र चीनको बीचमा नेपालले सेतुको रूपमा, गतिशील पुलको रूपमा काम गर्नुपर्छ, दुई ठूला बजारको लाभ लिनुपर्छ । हाम्रो भारततिर मात्रै अत्यधिक परनिर्भरता, हाम्रो निर्यात भन्दा आयातको अनुपात ९ गुणा बढी भएको अवस्थालाई न्युनीकरण गर्दै चीनसँग पनि विभिन्न नाकाहरू खोलेर, आर्थिक कारोबार बढाएर सन्तुलनमा लिएर जाने, एकापट्टिको मात्रै परनिर्भरतालाई हटाउने र अन्तरनिर्भर अर्थतन्त्रको - अन्तरनिर्भर भन्छु म आत्मनिर्भर भन्ने हुँदैन वास्तवमा अन्तरनिर्भर हो अहिलेको युगको अर्थतन्त्रको स्वरूप भनेको - पुँजी निर्माण गरेर अन्ततः देशलाई साँच्चै नै समृद्धिको दिशातिर लिएर जाने ढंगले नै अगाडि बढ्नुपर्छ । त्यो दिशामा पनि अब हामीले सोचौं ।

यही क्षणमा मैले किन पार्टी परित्याग गरें त ? भन्दा यो कुनै आकस्मिक विषय होइन । मैले पहिले पनि यहाँहरूलाई यसबारे संकेत गरेको थिएँ । संविधानसभाबाट संविधान बनेपछि एउटा राजनीतिक युग पूरा हुन्छ र त्यसपछि अर्को युग सुरू हुन्छ त्यो भनेको मूलतः आर्थिक विकास र समृद्धिको युग हो । सामाजिक न्याय, समावेशी समानुपातिक लोकतन्त्र लगायतका कुरा त कायम गर्नैपर्छ, विकासको लाभ सीमित मान्छेले मात्रै प्राप्त गर्ने विकास सही अर्थमा विकास हुँदैन, त्यो दीगो विकास पनि हुँदैन, त्यसले दीगो शान्ति पनि ल्याउँदैन तर मुख्य रूपमा आर्थिक विकास, तिब्र आर्थिक वृद्धिदर सँगसँगै सामाजिक न्यायमा आधारित समावेशी समानुपातिक प्रकारको विकास अर्थात 'इन्क्लुसिभ डेभलपमेन्ट'को नयाँ युग र एजेण्डा हुन्छ भन्ने नै हो । संविधान भनेको ढुंगामा लेखिएको अन्तिम अक्षर होइन, यो त एउटा गतिशील दस्तावेज हो । जे कुरा

पूरा भएका छैनन्, ती पूरा हुँदै जान्छन् । अलिकति असन्तुष्टि पनि हुन्छ, भोलि पनि हामीले संशोधन गरेर जान सक्छौं, अन्तिम अक्षर यो होइन । त्यसकारणले अहिले जे अशान्ति भइराखेको छ त्यसमा धेरै चिन्ता नगरिकन अबको हाम्रो फोकस चाहिं आर्थिक विकास र समृद्धितिर जाने नै हुनुपर्छ । त्यसनिम्ति राजनीतिक दर्शनमा पनि समयानुकुल विकास गर्नुपर्छ । हिजो एउटा आन्दोलन र क्रान्तिको बेलामा हामीले फरक खालको राजनीतिक दर्शन अपनाएकै हो । आर्थिक क्रान्तिको निम्ति अलग-अलग दर्शनहरू पनि छन् । साम्यवादी दर्शन मान्नेले पनि विकास गरेका छन्, उदारवादी लोकतन्त्र मान्नेले पनि विकास गरेका छन् । तैपनि त्यसमा दर्शनको, विचारधाराको अर्थ चाहिं हुन्छ । तत्काल आर्थिक विकासको निम्ति निजी क्षेत्रलाई मुख्य रूपमा उत्साहित गर्ने र अन्तर्राष्ट्रिय लगानी पनि आकर्षित गर्ने ढंगको वैचारिक प्रतिवद्धता हामीसँग भएन भने हामीले जतिसुकै विकासका कुरा गरे पनि अहिलेको युगमा त्यो विकास सम्भव हुँदैन । त्यसैले अब हामीले हिजो मूलतः राजनीतिक परिवर्तनको निम्ति जुन विचारधारात्मक हतियार प्रयोग गरेका थियौं, जुन पार्टी र साधन हामीले प्रयोग गरेका थियौं, अब आर्थिक विकास र समृद्धिको चरणमा वैचारिक ढंगले पनि नयाँ ढंगको समायानुकुल विचारको विकास, देशको परिस्थिति र अन्तर्राष्ट्रिय परिस्थिति सुहाउँदो विचारको विकास पनि गर्नुपर्छ । साथै पार्टी र नेतृत्वको ढाँचा र संरचना पनि हिजोको हिंसात्मक राजनीतिक क्रान्तिको चरणमा बनेको ढाँचा र संरचनाभन्दा शान्तिपूर्ण आर्थिक विकास र समृद्धिको दिशामा जाने, आर्थिक-सामाजिक परिवर्तन गर्ने पार्टीको ढाँचा चाहिं फरक ढंगको हुनुपर्छ भन्ने मान्यताअनुसार नै आफैंले लगानी गरेर कमरेड प्रचण्ड लगायत हामीले नै बनाएको पार्टी परित्याग गरेर बाहिर निस्किएको हुँ । यसको अर्थ त्यो पार्टी सबै खराब छ भन्ने मेरो भनाइ छैन, कसैप्रति पनि मेरो दूराग्रह छैन । मैले विहान यहाँ आउनुभन्दा

अगाडि मात्र पनि कमरेड प्रचण्डलाई फोन गरेर के छ कसो छ, मैले के मद्दत गर्नुपर्छ भन्नुस् है, हामी फरक बाटोमा भए पनि यो देशलाई अगाडि बढाउनमा सहकार्य गरेर जानुपर्छ, नयाँ संस्कार बसाल्नुपर्छ भनें । हामी तिसौं वर्ष सँगै बस्यौं, तर छुट्टिएको दिनदेखि सत्तोसराप गर्ने हाम्रो संस्कार राम्रो त छैन नि, दाजुभाइ नै हामी सानो अंशमा मारामार काटाकाट गर्ने, आमाचकारी गाली गर्ने खराब संस्कारबाट हुर्किएका मान्छे हामीले फेरि त्यस्तो गर्नुहुँदैन, हामीले नयाँ संस्कार बसालौं । हामी फरक-फरक बाटो भए पनि देशको हितको निम्ति आफ्नो सोंचको कारणले फरक भएका छौं व्यक्तिगत रूपमा हाम्रो कटुता हुनुहुँदैन भन्ने कुरा मैले राखें । ल ठीक छ, त्यसै गर्नुपर्छ, ल राम्रो भयो भन्ने कुरा उहाँले पनि गर्नुभयो । यो कुरा मैले किन कोट्याएको भने कसैलाई पनि आरोप-प्रत्यारोप गर्ने पक्षमा म छैन । आफैंमा सकारात्मक सोंच भएन भने अरूलाई पनि सकारात्मक सोंच बाँड्न सकिँदैन । सकारात्मक सोंचविना सिर्जनशील खालका काम, विकास, समृद्धि र परिवर्तनका काम सम्पन्न गर्न सकिँदैन । त्यस हिसाबले पनि मैले पार्टी परित्याग गर्नु भनेको यो भन्दा उन्नत, हिजोको विचार भन्दा उन्नत विचार र देशको परिस्थिति सुहाउँदो विचार लिएर बढ्नकै निम्ति हो । त्यो मसँग बनिबनाउ छैन । फेरि यहाँ यसले अर्कै पार्टी/गुट बनाएर हामीमाथि थोपर्न खोज्यो कि भन्ने भ्रम नरहोस्, मेरो त्यस्तो अहिले कुनै मनसाय छैन । म त्यहाँबाट निस्किएको छु, एउटा नयाँ मोटामोटी सोंच छ आर्थिक विकास र समृद्धिलाई मद्दत पुऱ्याउने प्रकारको विचारधारा र संगठन हुनुपर्छ भन्ने मात्रै बुझाइ छ । जसलाई मैले केही पहिलेदेखि 'नयाँ शक्ति' भनेको छु । हुनतः केही अरू साथीहरूले पनि त्यो विषयमा चर्चा गरिराख्नुभएको छ । अन्ततः राजनीतिक 'प्लेटफर्म' त चाहिन्छ, त्यो विना आवश्यक नीति निर्माण पनि गर्न सकिँदैन । अन्ततः राजनीतिक नेतृत्व ठीक भएन, नीति-नियमहरू ठीक भएनन् भने मुखले मात्रै

आर्थिक विकास र समृद्धि मात्रै भनेर हुँदैन । राजनीतिक र आर्थिक कुरा अन्तरसम्बन्धित नै हुन्छन् । त्यसैले एउटा राजनीतिक 'प्लेटफर्म' त बनाउनै पर्छ । तर त्यो कस्तो बन्छ, कसरी बनाउने भन्ने कुरा चाहिं सबैसँग परामर्श गरेर सबैको सहभागितामा नै अगाडि बढ्ने नै मेरो सोंच छ । त्यसैले कसरी जाँदा उपयुक्त हुन्छ, कुन ढंगको विचार नेपाली माटो सुहाउँदो, परिस्थिति सुहाउँदो, अहिलेको युग सुहाउँदो, आर्थिक विकासलाई मद्दत गर्ने खालको विचार के हुन सक्छ, त्यो पार्टीको ढाँचा कस्तो हुन सक्छ भन्ने विषयमा तपाईं आर्थिक क्षेत्रका, निजी क्षेत्रका साथीहरूका पनि सुझावहरू मैले अवश्य नै ग्रहण गर्छु । अरू विभिन्न क्षेत्रका व्यक्तिहरूसँग, विभिन्न पार्टीका, पार्टीबाहिरका सबैसँग परामर्श गरेर नै अगाडि बढ्ने सोंच छ । त्यसैले मसँग अहिले जिज्ञासा छ, प्रश्न छ, हुटहुटी छ तर पूरै जवाफ चाहिं तपाईंहरू सबैको सल्लाहपछि नै दिन सक्छु र म पनि निष्कर्षमा पुग्न सक्छु भन्ने मेरो सोंच छ ।

विकासका लागि राज्य क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्र भनेर तीन खम्बे भन्दा यो विषयमा केही भ्रमहरू रहने गरेका छन् । मैले त्यतिबेलै के भन्ने गरेको थिएँ भने तीन खम्बा होइन वास्तवमा दुई खम्बा नै हो, राज्य र निजी दुई वटै क्षेत्र हो । सहकारी भनेको चाहिं निजी क्षेत्रको संगठित स्वरूप मात्रै हो । त्यसैले मूलतः दुई खम्बे नीति नै हो र जसरी मान्छे दुई खुट्टाले टेकेर नै अगाडि बढ्छ नेपालको सन्दर्भमा दुई खुट्टाले टेकेर नै अगाडि बढ्नुपर्छ । मुख्य रूपमा दाहिने र देब्रे खुट्टाको फरक त पर्छ तर नेपालको सन्दर्भमा दाहिने खुट्टा दह्रो र बलियो खुट्टा चाहिं निजी क्षेत्र नै हो । राज्यले नियमनकारी भूमिका निर्वाह गर्छ, नीति निर्माणमा त्यसले मद्दत गर्छ र आवश्यक खास-खास क्षेत्रमा त्यसले हात हाल्छ तर मुख्य रूपमा विकासको अगुवा भनेको निजी क्षेत्र नै हो भनेर मैले भन्दै आएको हुँ । मलाई अहिले पनि त्यही नै लाग्छ । आगामी दिनमा हामीले

नीति निर्माण गर्दा पनि निजी क्षेत्रले नै मुख्य भूमिका निर्वाह गर्ने गरी नै गर्नुपर्छ । हामीले भोलि जुन ढंगको बाटो समात्छौं त्यसमा पनि त्यसैलाई प्रश्रय दिने नै हुन्छ । मेरो प्रतिवद्धता पनि त्यसमा छ । त्यसैले तपाईंहरूले त्यस विषयमा कुनै पनि आशंका राख्नु हुनेछैन भन्ने मैले बुझेको छु । अर्को मैले भन्दै आएको विषय चाहिं के हो भने हामीले तिब्र आर्थिक विकासमा नगइकन हुँदैन । म समाजवादी मान्यतामा विश्वास गर्ने नै मान्छे हुँ । समाजवादको, सामाजिक न्यायको महत्व छ, रहन्छ भन्ने नै मलाई लाग छ । समावेशी विकास हुनुपर्छ भन्ने पनि लाग्छ । हाम्रो जुन विविधता छ, गरिबीको जुन अवस्था छ, त्यसलाई समेट्नुपर्छ । हामीले गरेको विकासको प्रतिफल सम्पूर्ण जनतामा पुगेन, त्यो समावेशी भएन भने दीगो हुँदैन, शान्ति हुँदैन । शान्ति नभएसम्म विकास पनि हुँदैन भन्ने आधारमा म समावेशी विकासकै पक्षमा, समाजवादी 'ओरिएन्टेसन'को पक्षमा म अहिले पनि छु । मुख्य कुरा के हो भने तिब्र आर्थिक विकास भएन भने, दुई अंकको आर्थिक वृद्धिदर भएन भने, म अर्थमन्त्री हुँदा पनि मैले त्यो कुरा भनें, जे गरेर भए पनि हामीले केही दशक दुई अंकको आर्थिक वृद्धिदर हासिल गर्नेतर्फ जानैपर्छ । तीन/चार प्रतिशतको वृद्धिदरले, यस्तो 'लो इकोनोमिक बेस' छ, हामीलाई कतै पनि पुर्‍याउँदैन । त्यसैले त्यो हासिल गर्नको निम्ति भित्र र बाहिरका साधन-स्रोतको अधिकतम परिचालन र आन्तरिक लगानीको साथै मुख्यतः एउटा चरणमा बाह्य लगानी ठूलो मात्रामा नल्याइकन हुँदैन । त्यसको निम्ति तुलनात्मक लाभका क्षेत्रहरू छन्, जलस्रोत लगायतका क्षेत्रहरू, ठूलो लगानी ल्याएर तिब्र आर्थिक विकास गर्ने दिशामा हामी जानैपर्छ । नीतिगत रूपमा निजी क्षेत्रको मुख्य भूमिकासहितको राज्य र सहकारी क्षेत्रको सहयोगी भूमिका र 'ओरिएन्टेसन'को रूपमा तिब्र आर्थिक विकास र सामाजिक न्यायको सन्तुलन, मुख्य रूपमा आर्थिक विकास अनि 'पोभर्टी डिस्ट्रिब्युसन'

होइन 'वेल्थ डिस्ट्रिब्युसन'को तरिकाले जाने नीतिमा प्रष्ट रहनुपर्छ । क्षेत्रगत प्राथमिकताको कुरामा हामी ठूला देशको बीचमा छौं त्यसलाई ध्यान दिंदै हाम्रो तुलनात्मक फाइदा के मा छ, चिनियाँ बजारमा र भारतीय बजारमा हाम्रो फाइदा के मा हुन सक्छ त्यसको पहिचान गरेर, कृषिको क्षेत्र, पर्यटनको क्षेत्र, सेवाको क्षेत्र सायद तुलनात्मक फाइदाका क्षेत्र हुन सक्छन्, 'सेलेक्टिभ म्यानुफ्याक्चरिङ'का क्षेत्र पनि केही हुन सक्छन्, त्यसमा हामी जान सक्छौं ।

भूकम्पबाट झण्डै देशको आधा जनसंख्या प्रभावित भएको र झण्डै १० खर्बको नवनिर्माण/पुनःनिर्माण गर्नुपर्ने जुन आवश्यता छ त्यसैले तत्काल भूकम्प प्रभावित क्षेत्रमा जुन खालको नवनिर्माणको नीति लिन्छौं त्यो भोलिको पनि नेपालको विकासको नीतिको प्रारूप बन्न सक्छ । त्यसलाई पनि मध्यनजर गर्दै हामी अगाडि बढ्नु छ । त्यसैले छिट्टै नै हामी त्यसमा केन्द्रित भएर अगाडि बढौं ।

हाम्रो आर्थिक विकासको मूल नीति के हुन्छ भन्ने विषयमा हाम्रो एउटै राष्ट्रिय नीति पनि बन्नुपर्छ । जोड र कोणमा फरक पर्न सक्छ तर व्यक्तिपिच्छेका, पार्टीपिच्छेका अलग-अलग नीति होइन राष्ट्रिय नीति बन्नुपर्छ । नीति निर्माणको निम्ति मैले सोचेको चाहिं एउटा 'नेपाल इकोनोमिक पोलिसी ग्रुप' बनाउने । तपाईंहरू जस्ता यो क्षेत्रका विज्ञ साथीहरू, बाहिर भएका एनआरएनका साथीहरू पनि हुनुहुन्छ, एफएनसिसिआई, सिएनआई, चेम्बर अफ कमर्सजस्ता विभिन्न संघ-संस्थाका साथीहरू हुनुहुन्छ, उहाँहरू र अन्य विज्ञहरू सहित रहेको त्यस्तो समूह बनाएर देशको आर्थिक नीति र कार्यक्रम कस्तो हुने भन्ने तय हुनुपर्छ भन्ने मलाई लाग्छ । छलफल गर्दै गएर एउटा समूहको निर्माण हामीले गर्नुपर्छ र नयाँ शक्ति जो हामीले परिकल्पना गरेका छौं र भोलि निर्माण गर्नेछौं त्यसले आर्थिक नीति निर्माण गरेर अगाडि बढाउन सक्छ ।

अर्कोतिर संविधानमा नै समाजवाद, समाजवाद-उन्मुख आदि लेख्दा निजी क्षेत्रको गतिविधिलाई अंकुश लगाउने हो कि, संविधानमा नै त्यस्तो शब्द परेपछि कानुनको व्याख्या, मुद्दा-मामिला आदिले लगानी अवरूद्ध हुने हो कि, विदेशी लगानी नआउने हो कि भन्ने जुन आशंका तपाईंहरूले गर्नुभएको छ मेरो विचारमा त्यस्तो हुँदैन । पहिलो कुरा तपाईंहरूले के बुझ्नुपर्‍यो भने समाजवाद-उन्मुख भनिएको हो, अहिले नै समाजवाद लागू गर्ने होइन । म प्रष्टसँग भन्छु अहिले पूँजीवाद नै लागू गर्ने हो । नेपालमा केही दशकसम्म, कहिलेसम्म भन्न त सकिन्न भविष्यवाणी गर्न सक्ने कुरा त होइन, तत्काल लागू गर्ने भनेको पूँजीवादी अर्थतन्त्रको नीति नै हो । निजी स्वामित्वमा आधारित खुला बजार अर्थतन्त्रमा आधारित अर्थतन्त्रलाई नै पूँजीवाद भनिन्छ । त्यही अर्थको पूँजीवाद नै नेपालको तत्काल आर्थिक विकासको मूल बाटो हो । सहायक रूपमा हामीले सामाजिक न्याय र समावेशीता पनि कायम गर्ने भएकाले केही समाजवादका रूपहरू चाहिँ त्यहाँ हुन्छन् तर त्यो सहायक हुन्छ । मुख्य पाटो पूँजीवाद नै हुन्छ । समाजवाद शब्दले नै हामी डराउनुपर्दैन । चीनले संविधानमा समाजवाद लेख्दा-लेख्दै पनि यस्तो खालको पूँजीवाद उसले लागू गर्‍यो कि संसारको सबैभन्दा धेरै लगानी त्यहीं भयो र अहिलेको विश्वको एक नम्बर अर्थतन्त्र हुने दिशातिर ऊ गइराखेको छ । त्यसैले हामी शब्दबाट नडराऔं । अहिले समाजवाद-उन्मुख मात्रै भनिएको छ । त्यसले अप्ठेरो पार्छ कि भन्ने ढंगले नसोच्नुहोला ।

अब हामीले नयाँ अठोट गर्नैपर्छ । हामी नयाँ युगमा प्रवेश गरेका छौं भने हामीमा नयाँ सोंच मुख्य रूपमा चाहिन्छ । नयाँ संकल्प, नयाँ संस्कार र संस्कृतिको पनि हामीले विकास गर्नुपर्छ । नयाँ मात्रै भनेर पनि हुँदैन । हाम्रो चिन्तन र सोंचमा नै नयाँपन र आचरणमा पनि नयाँपन ल्याउनुपर्छ । हामी नेपाली अत्यन्तै सरल जाति पनि हौं भने हाम्रो संस्कार अलि षड्यन्त्रमुलक पनि छ ।

भूपि शेरचनले 'हल्लै हल्लाको देश' पनि भन्नुभएको थियो । मिलेर काम गर्नुभन्दा पनि अगाडि बढ्न खोज्नेको खुट्टा तान्ने खालको संस्कार पनि छ । त्यसैले नयाँ ढंगले जाने हो भने त्यो संस्कार पनि बदल्नुपर्छ । हाम्रो आचरणमा, राज्य क्षेत्रमा पनि राजनीतिमा पनि भ्रष्टाचार संस्थागत भएरै गइदिएको छ । त्यसले गर्दाखेरि निजी क्षेत्र र तपाईंहरूको उद्योग-व्यवसायको क्षेत्रमा पनि कमिशनका जालहरू फैलिएर तपाईंहरू पनि सबै जानेर/नजानेर, चाहेर/नचाहेर तानिने जुन एउटा प्रक्रिया बनेको छ त्यसको अन्त्य गरेर सदाचार र भ्रष्टाचारमुक्त प्रणालीको विकास पनि हुनुपर्छ । त्यसो भए मात्रै नयाँ बन्न सक्छ । त्यसैले त्यो दिशामा अगाडि बढौं, म आफू चाहिं त्यो दिशामा अगाडि बढ्ने तपाईंहरूसँग संकल्प गर्छु । यो एउटा प्रारम्भ हो, सुरूवात हो । आगामी दिनमा पनि अन्तरक्रिया गर्दै मिलेर अगाडि बढौं । यो देश बनाउन सकिन्छ, सम्भव छ । मुख्य कुरा चाहिं तपाईं-हामीले सकारात्मक सोंच बनाऔं ।

धन्यवाद ।

२०७२ असोज १५ ।

*(उद्योगी, व्यवसायी लगायतका निजी क्षेत्रसँग गर्नुभएको अन्तर क्रिया कार्यक्रममा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले व्यक्त गर्नुभएको विचारको मुख्य अंश)*

❋ नयाँ शक्ति अभियानमा सहभागी बनौं !
स्वाधीन, समृद्ध, समावेशी नयाँ नेपाल निर्माण गरौं !!

❋ राष्ट्रिय औद्योगिक पुँजीको विकास गरौं !
समुन्नत समाजवादको आधार तयार गरौं !!

❋ धेरै गऱ्यौं आन्दोलनमुखी राजनीति !
अब गरौं विकासमुखी राजनीति !!

❋ नयाँ शक्तिको मुख्य मन्त्र !
समावेशी, समानुपातिक, सहभागितापूर्ण लोकतन्त्र !!

❋ नयाँ शक्तिको मुख्य पहिचान !
पारदर्शिता-सदाचार-सुशासन !!

❋ नयाँ युग, नयाँ पुस्ता, नयाँ शक्ति !

❋ हामी बनाउँदैछौं समृद्ध नेपाल !

❋ म नयाँ शक्ति, बनौं सबै नयाँ शक्ति !

प्रकाशक:
नयाँ शक्ति निर्माण अभियान

सहयोग रू. १०